मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

Purwanchal National Daily

◆ वर्ष : २५ ◆ अङ्क : ८१ ◆ पृष्ठ ६ ◆ बिर्तामोड ◆ वि.सं. २०७६ माघ २३ गते बिहीवार (Thursday, February 6. 2020) नेपाल सम्वत् ११३९ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

ढुंगामा लेखे प्रदीपले क्रिस्टिनाको नाम : पृष्ठ ५



बालुवाटार जग्गा प्रकरण

## १७५ जनाबिरुद्ध मुद्दा

### पौडेललाई उन्मुक्ति, गच्छदार सांसदबाट निलम्बित

**काठमाडौं, माघ २२।** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बालुवाटारस्थित ललितानिवास जग्गा प्रकरणमा बुधबार बिचौलीयादेखि पूर्वमन्त्रीसहित एक सय ७५ जनाबिरुद्ध विशेष अदालतमा मुद्दा दर्ता गरेको छ।

अख्तियारले मुद्दा दायर गर्ने सूचीमा तत्कालीन भौतिक योजनामन्त्री बिजयकुमार गच्छदार, अख्तियारका पूर्वप्रमुख आयुक्त एवम् तत्कालीन भौतिक पूर्वाधारसचिव दीपकुमार बन्स्यात, तत्कालीन भूमिसुधार मन्त्रीद्वय डम्बर श्रेष्ठ र चन्द्रदेव जोशी, तत्कालीन सचिव छवि पन्तलगायतका उच्च अधिकारी र कर्मचारी रहेका छन्। अनुसन्धान पूरा भएपछि बुधबार नै अख्तियारको टोली अदालत पुगेर अभियोगपत्र दर्ता गरेको हो। पूर्व उपप्रधानमन्त्री बिजयकुमार गच्छदारबिरुद्ध ९ करोड ६५ लाख ७६ हजार बिगो दाबी गरिएको छ। उनीमाथि भ्रष्टाचार निवारण ऐन २०५९ बमोजिम सजाय हुनेछ।

सरकारले अधिग्रहण गरेको १ सय १२ रोपनी जग्गा व्यक्तिको नाममा दर्ता गरी हिनामिना गरिएको निष्कर्षसहितको छानबिन प्रतिवेदन एक सरकारी समितिले दिएपछि यसबारेमा थप अनुसन्धान गर्न सरकारले संवैधानिक आयोग र नेपाल प्रहरी केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी)लाई निर्देशन दिएको थियो। अख्तियारले छानबिनको क्रममा डेढ सयभन्दा बढी व्यक्तिसँग बयान लिएको थियो।

सरकारले अधिग्रहण गरेको १ सय १२ रोपनी जग्गा व्यक्तिको नाममा दर्ता गरी हिनामिना गरेको अभियोगमा अख्तियारले मुद्दा दायरा गरेको हो। सरकारले अधिग्रहण गरेको १ सय १२ रोपनी जग्गा पञ्चायतकालमा जफत भएको भन्ने अर्थ लगाई सुवर्ण शम्शेरका सन्तानले २०४९ मा फिर्ता लगेका थिए। भूमाफियाको चलखेलमा २०६२, २०६७ र २०६९ सालमा गरी चारपटक ललिता निवासको जग्गा अतिक्रमण भई व्यक्तिका नाममा दर्ता भएको थियो। प्रधानमन्त्री निवास विस्तारका नाममा २०६६ चैत २९ र २०६७ वैशाख ३१ गतेको मन्त्रिपरिषद्ले गरेको निर्णयका आधारमा डिल्लीबजार मालपोत कार्यालयले सार्वजनिक, पर्ती र राजकुलोको जग्गासमेत व्यक्तिका नाममा दर्ता गर्ने निर्णय गरेको थियो।

सीआईबीको प्रतिवेदनमा बालुवाटारको २ सय ९९ रोपनी जग्गामध्ये १ सय १४ रोपनी जग्गा हिनामिना भएको उल्लेख छ।

**पौडेललाई उन्मुक्ति**

बालुवाटार जग्गा प्रकरणमा जोडिएको एउटा

***(बाँकी अन्तिम पृष्ठमा)***

## हत्याको कारण 'अनैतिक सम्बन्ध'

**भद्रपुर, माघ २२।** अण्डकोषसहितको गुप्ताङ्ग काटेर परालको कुन्युमा जलाएर हत्या गरिएका व्यक्ति भारतीय नागरिक सुभान शेख भएको खुलेको छ।

उनको परस्त्रीसंगको अनैतिक सम्वन्धका कारण हत्या भएको हुन सक्ने आशंका गरिएको छ। बिर्तामोड नगरपालिका-२ चारपानेमा डेरा गरी बस्ने अन्दाजी ४० वर्षीय शेख भारतीय नागरिक हुन्। शेखकी श्रीमती सुष्माले जलेका व्यक्तिको औंठी, चप्पल, स्वीटर र औंलाका आधारमा आफ्ना श्रीमान भएको भन्दै सनाखत गरेसंगै जलाएर मारिएका व्यक्ति सुभान नै भएको इलाका प्रहरी कार्यालय अनारमनीका प्रहरी नायव उपरीक्षक मुकुन्द रिजालले जानकारी दिए।

मंगलवार विहान जलेको अवस्थामा शव फेला परेको थियो। नचिनिने अवस्थामा शव फेला परेपछि पोस्टमार्टमका लागि धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा प्रहरीले शब पठाएको थियो। शव पहिचानका लागि उनकी श्रीमती सुष्मासहित सासू र ससुरालाई इलाका प्रहरी कार्यालय अनारमनीले नियन्त्रणमा लिएको थियो।

बिर्तामोड-२ चारपाने निवासी एनकुमार राजवंशीको खेतमा राखेको परालको कुन्युमा मंगलवार बिहान ९ बजे जलेको अवस्थामा शव फेला परेपछि घटना रहस्यमय बनेको थियो। घटनास्थल नजिकै पुरुषको संवेदनशील अङ्ग (अण्डकोषसहितको गुप्ताङ्ग) काटेर फालिएको अवस्थामा शव फेला परेपछि घटना रहस्यमय बनेको हो। घटनाको



प्रकृति हेर्दा हत्या गरी घटनालाई ढाकछोप गर्न शवलाई परालले छोपेर जलाइएको स्थानीयले आंशका गरेका थिए।

यता प्रहरीले शवको मुचुल्का उठाउनु अघि संघीय इकाई प्रहरी कार्यालय धरानबाट तालिम प्राप्त कुकुर झिकाएर घटनास्थलको अनुसन्धान गरेको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी नायव उपरीक्षक महेन्द्रकुमार श्रेष्ठले जानकारी दिए।

स्थानीय एनकुमारको खेतमा राखिएको परालमा सोमवार राति १२ बजेदेखि आगो लागेको थियो। सोही ठाउँमा जलेको अवस्थामा शव भेटिएको हो- प्रहरी उपरीक्षक श्रेष्ठले भने- घटनाको विषयमा अनुसन्धान भइरहेको छ।

**सोधपुछका लागि तीन जना नियन्त्रणमा**

घटना पश्चात् चारपाने निवासी रहमान शेखका ज्वाइँ सुभान हराएको र नजिकै खेतमा पुरुषकै शव जलेको अवस्थामा फेला परेपछि प्रहरीले ससुरा रहमान, सासू रहाना शेखसहित उनकी श्रीमती सुष्मा शेखलाई मंगलवार नियन्त्रणमा लिएको थियो। उनीहरुलाई प्रहरीले बुधवार तारेखमा छाडेको छ।

मजदुरी पेशा गर्दै आएका सुभान ससुरालीमा बसेका थिए। केही महिना अघि सुभान र सासू रहानाबीच घरायसी विवाद भएपछि उनी ससुराली छाडेर एक्लै डेरामा बस्दै आएका थिए। उनका एक छोरा र एक छोरी छन्।

सुभानकै शव पुष्टि हुँदा उनको संवेदनशील अङ्ग काटेर फाल्नु अरू कुनै कारण हुनै सक्दैन'- प्रहरीले स्रोतले भन्यो- 'घटना अनैतिक सम्बन्धले जोडिएको हुनुपर्छ, अन्य महिलासँग अनैतिक सम्बन्ध रहेको परिवारजनका सदस्यले थाह पाएपछि हत्या घटनालाई सुनियोजित बनाइएको हुनुपर्छ- जिल्ला प्रहरी कार्यालय झापाका नायव उपरीक्षक महेन्द्र कुमार श्रेष्ठले भने- मजदुरी गरी खाने व्यक्तिको अरू घटनामा परी हत्या हुनै सक्दैन, अनुसन्धानपछि घटना पक्कै खुल्छ।'

## फूल खेतीले फेरियो परिचय

सुरेन्द्र भण्डारी

**बिर्तामोड, माघ २२।** झापाको बिर्तामोड नगरपालिका-९ निवासी लक्ष्मीमाया अधिकारीले सयपत्री फूलको व्यवसायिक खेती गरेको अढाई वर्ष भयो। उनले फूल खेती गरेरै आफ्नो परिचय फेरेकी छन्। परिचयसँगै उनको जीवनशैलीसमेत फेरिएको छ। गाउँ समाजमा लक्ष्मी दिदी भन्नेहरु अहिले उनलाई 'फूलमाया' भन्छन्। फूलखेती गरेकै कारण लक्ष्मीमाया एकाएक फूलमाया भइन्।

जन्मदेखि मृत्युसम्म र मन्दिरदेखि घाटसम्म नै अति आवश्यक मानिने फूल केही समय अघिसम्म चाडपर्व (दशैं, तिहार) लाई लक्षित गर्दै र सौखका रुपमा घर वरिपरि, आँगनको डिलमा वा करेसावारीमा थोरै मात्रामा रोप्ने गरिन्थ्यो। तर, अहिले त्यही फूलको झापामा व्यवसायिक खेती हुन थालेको छ।

फूल रोपेरै बिर्तामोड-९ निवासी अधिकारीले वार्षिक पाँच लाख रुपैयाँ आम्दानी गर्न थालेपछि उनको परिचयसँगै आर्थिकस्तर समेतमाथि उठेको छ। अधिकारीले आठ कट्ठा क्षेत्रफलमा फूल रोपेरै मनग्ये आम्दानी गरिरहेकी छन्। गत तिहारमा मात्रै



उनले फूल बेचेर एक लाख २० हजार रुपैयाँ आम्दानी गरेकी थिइन्।

प्रतिकेजी ३०-४० रुपैयाँमा बिक्री हुने सयपत्री फूल तिहारको वेला तीन दिनमा मात्रै एक लाख २० हजार रुपैयाँको बिक्री गरेपछि छरछिमेकी समेत अचम्मित भए- अधिकारीले भनिन् - 'तीन दिनमा एक लाख २० हजार रुपैयाँको फूल बेचेपछि अहिले मलाई पनि फूल खेती गर्ने सिकाइदिनु भन्नेहरु थुप्रै छन्।'

टीभी हेरिरहेकी थिएँ- अधिकारीले भनिन्- 'फूल खेती गरेर मनग्ये आम्दानी गर्न सकिन्छ भन्ने सन्देश सहितको पश्चिमको एउटा फूल खेती सम्वन्धी समाचार नेपाल टेलिभिजनमा प्रशारण भयो, त्यही समाचारको प्रेरणाले फूल खेती गर्नु शुरु गरेकी हुँ, गर्न जाने हुँदो रहेछ'- अधिकारीले भनिन्- 'हिजो फूल रोप्दा न दशैं न तिहार किन फूल रोपेकी भनेर खिसी गर्नेहरु अहिले मलाई पनि फूलखेती गर्न सिकाइदिनु दिदी भन्दै आउँछन्।' अधिकारीले वर्षमा तीनपटक फूल रोप्छिन्। एकपटक रोपेको फूलले अढाई/तीन महिनामादेखि आम्दानी दिन शुरु गर्छ। चार महिनामै फूल टिपेर बिक्री गरिसक्नुपर्छ - अधिकारीले भनिन्- चक्रियवाली जस्तै हुँदो रहेछ फूल खेती पनि।

प्राय: सबैको घर आँगनमा दशै तिहारमा मात्रै ढकमक्क फूल्ने सयपत्री अहिले मेरो घरमा वाह्रै महिना फुल्छ। त्यही फूल बेचेर घर खर्च चलाएका छौं। विद्यालयमा हुने कार्यक्रम होस् वा कुनै संघ-संस्थाको सभा समारोहमा यहींबाट सबैले फूल लानुहुन्छ। फूल बेच्न बाहिर बजार धाउनु परेको छैन- अधिकारीले भनिन् - 'यो सिजनमा सयपत्री प्राय: फुल्दैन तर म भने महिनाकै १० /१२ हजार रुपैयाँको फूल बेच्छु।'

शुरुमा परीक्षणका लागि थोरै ठाउँमा फूल रोपेकी थिएँ, राम्रो भएर आयो, त्यही फूललाई बीऊ बनाएर राखेँ र एक दुई कट्ठा गर्दै अहिले आठ कट्ठामा फूल रोप्ने गरेकी छु- उनले भनिन्- 'ढकमक्कै सयपत्री फुलेको समयमा हेर्नेको भीड लाग्छ। सोध्नेलाई उत्तर दिन भ्याई-नभ्याई हुन्छ। फूलको बीऊ माग्नेले हैरान बनाउँछन्।'

फूलको वीऊ र विरुवा समेत बिक्री गर्न शुरु गरेकी अधिकारीले अहिले घर नजिकैको ग्वालीमा फूलका थुङ्गालाई बीऊका रुपमा सुरक्षित रुपमा राखेकी छन्। फूल माग्न आउनेहरु फूलको बीऊ देखेपछि दिदी मलाई पनि सय, दुई सय रुपैयाँको फूलको वीऊ दिनु है भन्छन्- अधिकारीले भनिन् - 'अहिले दैनिक पाँच सात सय रुपैयाँको त बीऊ मात्रै बिक्री गर्छु।'

फूल बेचेरै वर्षमा खर्च कटाएर तीन लाख रुपैयाँसम्म बचत गर्ने गरेको अधिकारीको भनाइ

***(बाँकी अन्तिम पृष्ठमा)***

## विभेद नगर्न निजी विद्यालयको माग

**सुरुङ्गा, माघ २२।** निजी विद्यालय सञ्चालकहरुले नेपाल सरकारसँग निजी र सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीकाबीच विभेद नगर्न माग गरेका छन्।

संस्थागत (निजी) विद्यालय सञ्चालकहरुले निजी विद्यालयमा पढ्ने विद्यार्थीहरुलाई सरकारले सेनेटरी प्याड वितरण, दिवा खाजा र दलित तथा अल्पसंख्यकलाई छात्रवृत्ति लगायतका सेवासुविधामा विभेद गरिरहेको आरोप लगाए। कनकाई प्याब्सनद्वारा सुरुङ्गामा आयोजित 'संस्थागत विद्यालयको शिक्षामा योगदान तथा वर्तमान अवस्था' विषयक

***(बाँकी अन्तिम पृष्ठमा)***

**पायल्स तथा फिस्टुला समस्याको सफल उपचार !**

**काठमाडौंबाट आउनु हुने डाक्टरद्वारा माघ २४ गते शुक्रवारका दिन पायल्स, फिस्टुला, फिसर, दिसाबाट रगत जाने, पीप देखिने, मलद्वार चिलाउने, मलद्वार बरिपरि घाउ हुने, कब्जियत, मासु पलाएको, त्यस्तै ग्याष्ट्रिक, गानोगोला, अल्सरको उपचार हुने भएकोले विरामी वर्गले अग्रिम नाम दर्ता गराउन सक्नुहुनेछ।**

**माता मनकामना आयुर्वेद क्लिनिक**

अन्दुवा पुल पूर्व दक्षिण, निलो सिसा भएको घर, बिर्तामोड, झापा (०२३-५४४५३८, मो. ९८४२७५७६०४)

## ४०० जनालाई निःशुल्क आयुर्वेद स्वास्थ्य सेवा

**भद्रपुर, माघ २२।** भद्रपुर-६स्थित श्री कृष्ण द्वैपायन गुरुकुल वेद विद्याश्रममा दुई दिने निःशुल्क आयुर्वेद स्वास्थ्य शिविर सम्पन्न भएको छ।

जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र भद्रपुर झापाको प्राविधिक सहयोग तथा भद्रपुर नगरपालिकाद्वारा आयोजित स्वास्थ्य शिविरमा चार सय बिरामीले सेवा लिएका थिए। शिविरमा स्वास्थ्य जाँच तथा निःशुल्क औषधि वितरण, फिजियोथेरापी सेवा, पञ्चकर्म, पूर्वकर्म अन्तर्गतका स्नेहन, स्वेदन सेवा प्रदान गरिएको थियो। शिविरमा जेनरल सेवा ३ सय ३५ जना, फिजियोथेरापी सेवा १५ जना र स्नेहन स्वेदन सेवा ५० जनाले लिएका थिए।

जिल्ला आयुर्वेद सेवा केन्द्र भद्रपुरका प्रमुख डा. अनिल ठाकुर, जिल्ला आयुर्वेद सेवा केन्द्र पाँचथरका प्रमुख डा. मुरलीप्रसाद साह, कविराज सुशील यादव, अनिल ठाकुर, जिल्ला आयुर्वेद सेवा केन्द्रका कविराज निरीक्षक हरेन्द्र साह, बैद्य निरीक्षक मनोजकुमार पंडित, फिजियोथेरापिष्ट डा. शिवेन्द्र मरिक यादवले बिरामी जाँचेका थिए।

**कर्मचारी आवश्यकता**

यस श्री स्वरोजगार भवानी बचत तथा ऋण सहकारी संस्था लि.मा कर्मचारी आवश्यकता परेको हुँदा इच्छुकले सम्पर्क गर्नुहोला।

**बजार प्रतिनिधिः** २ जना (महिला) तलबः आपसी समझदारीमा

कार्यक्षेत्रः लक्ष्मीपुर, चारपाने हुँदै बिर्तामोड केन्द्रीय कार्यालय कृषिथोकसम्म र आँखा शिविर बिर्ताबजार, कञ्चनजंघा बोर्डिङ हुँदै केन्द्रीय कार्यालयसम्म

**श्री स्वरोजगार भवानी बचत तथा ऋण सहकारी संस्था लि.**

मुख्य कार्यालय, बिर्तामोड (कृषिथोक)

सम्पर्क नम्बरः ०२३-५४५३५३, ९८०४९१६९०१, ९८४२६८४८६२

**सञ्जीवनी अस्पतालमा विशेष डाक्टरहरुको सेवा**

**डा. सीपी यादव**
वरिष्ठ मुटु रोग विशेषज्ञ
अब २४ सै घण्टा

**डा. खुस्बु अग्रवाल**
MBBS, MS
वरिष्ठ स्त्री तथा प्रसूति रोग विशेषज्ञ

**दैनिक सेवाहरुः**
- बालरोग सेवा
- हाडजोर्नी तथा नशा रोग विशेषज्ञ
- स्त्री तथा प्रसूति सेवा
- छाला तथा यौन रोग सेवा
- फिजिसियन (मधुमेह, प्रेसर, पेट, छाती तथा थाइराइड) सेवा
- नाक, कान, घाँटी रोग सेवा
- भिडियो एक्स-रे सेवा

**नोटः ओपीडी सेवा, विहान ९ बजेदेखि बेलुका ५ बजेसम्म।**
**२४ सै घण्टा इमरजेन्सी सेवा**

**सञ्जीवनी अस्पताल प्रालि**
बिर्तामोड-१, झापा (०२३-५४४२६०)




सामुदायिक विद्यालय

**शनिश्चरे माध्यमिक विद्यालय**

अर्जुनधारा-८, शनिश्चरे (झापा)

**भवन बिक्रीको सूचना**

**प्रथमपटक प्रकाशित मिति : २०७६।१०।२२**

यस विद्यालयको परिसरमा पश्चिमतर्फ रहेका तपसिल बमोजिमका पुराना भवनहरुका निर्माण सामग्रीहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा बिक्री गर्नुपर्ने भएकाले खरिद गरी लिन इच्छुक व्यक्ति/संस्थाहरुबाट के कति मूल्यमा खरिद गरी लिन सक्ने हो सोको विवरणसहित यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र शिलवन्दी दरखास्त आह्वान गरिएको छ।

**तपसिल**

१. **बिक्री गरिने भवनको विवरण :** जस्ताको छाना र ईंटाको पर्खाल भएको अंग्रेजी अक्षर यु आकारको ५ (पाँच) कोठाको १ तले भवन १ तथा सोको उत्तरतर्फ रहेको जस्ताको छाना भएको भवन १।
२. **न्यूनतम बिक्री मूल्य :** जस्ता र काठको न्यूनतम् मूल्य रु ४,००,०००।- (चार लाख रुपयाँ) तथा ईंटाको न्यूनतम् मूल्य रु ४,००,०००।- (चार लाख रुपयाँ) गरी कुल रु ८,००,०००।- (आठ लाख रुपयाँ) मात्र। दुवै निर्माण सामग्रीको एकसाथ वा छुट्टाछुट्टै निवेदन दर्ता गर्न सकिनेछ।
३. दरखास्त दिने व्यक्ति/संस्थाले दरखास्त साथ धरौटी स्वरुप रु १०,०००।- (दश हजार रुपयाँ) शनिश्चरे माध्यमिक विद्यालयको एक्सेल बैंक शनिश्चरे शाखामा रहेको खाता नं. ००७००२०००३८२५२००००२ मा जम्मा गरेको सक्कल भौचर संलग्न गर्नु पर्नेछ। उक्त रकम दरखास्त अस्वीकृत भएमा फिर्ता गरिनेछ। दरखास्त स्वीकृत भएमा अन्तिम किश्ताको भुक्तानीमा उक्त रकम कटाई भुक्तानी लिइनेछ।
४. दरखास्त दिने अन्तिम मितिको भोलिपल्ट दिनको २ बजे सम्बन्धित व्यक्ति/संस्था वा निजको प्रतिनिधिको रोहवरमा प्राप्त दरखास्तहरुको मूल्यांकन गरिनेछ।
५. दरखास्त स्वीकृत भएको व्यक्ति/संस्थासँग उक्त निर्माण सामग्रीको खरिद बिक्रीको सम्झौता गरिनेछ। सम्झौता गर्दाका वखत आफूले कबोल गरेको रकमको ५० (पचास) प्रतिशत रकम जम्मा गर्नु पर्नेछ। बाँकी ५० (पचास) प्रतिशत रकम निर्माण सामग्री उठाई लैजान अगाडि चुक्ता गर्नु पर्नेछ।
६. दरखास्त स्वीकृत भएको व्यक्ति वा संस्थाले सम्झौता भएको मितिले १५ (पन्ध्र) दिनभित्र उक्त निर्माण सामग्री उठाई लैजानु पर्नेछ।
७. भवन तथा सामग्री अवलोकन गर्न चाहेमा विद्यालय समयमा सम्पर्क गरी अवलोकन गर्न सकिनेछ।

Bhanal

**प्रधानाध्यापक**

# अवैध क्रसर र उत्खनन् रोक्न माग



**झापा, माघ २२।** झापामा अवैध रुपमा सञ्चालित क्रसर उद्योग र चुरे क्षेत्रसहित आईईई नगरेको क्षेत्रबाट भइरहेको उत्खनन् कार्य रोक्न जिल्ला समन्वय समिति झापाले संघीय तथा प्रदेश सरकारसँग माग गरेको छ ।

नदीजन्य तथा खानीजन्य पदार्थ जिल्ला अनुगमन तथा समन्वय समितिको माघ १० गते बसेको बैठकमा उद्योग अधिकृत छविलाल खतिवडाको संयोजकत्वमा गठित क्रसर अनुगमन कार्यदलले जिल्लामा सञ्चालित क्रसर तथा वालुवा प्रशोधन उद्योग अवैध रुपमा सञ्चालन भइरहेको निष्कर्षसहितको प्रतिवेदन पेश गर्दै अबैध उत्खनन् रोक्न प्रदेश र संघीय सरकारसंग माग गरेको हो ।

सोही प्रतिवेदनको आधारमा जिल्ला समन्वय समिति झापाले अवैध क्रसर तथा बालुवा प्रशोधन केन्द्र तत्काल रोक्न बुधवार पत्रकार सम्मेलनको आयोजना गर्दै संघीय तथा प्रदेश सरकारसँग गुहार मागेको हो । झापामा दर्ता भएकामध्ये सात वटा क्रसर उद्योग सञ्चालनमा रहेको जिल्ला समन्वय समितिका अध्यक्ष सोमनाथ पोर्तेलले जानकारी दिए ।

सञ्चालनमा रहेका क्रसर उद्योगले २०७२ सालदेखि नवीकरण नगरेको, कारोवारको हिसाबकिताब स्पष्ट नराखेको, प्रारिम्भक वातावरणीय प्रतिवेदन अनुसार सञ्चालनमा नरहेको, खरिद-बिक्री लगायत अन्य कागजात नभएको, कच्चा पदार्थको उपलब्धता नदेखिएको र उद्योग आसपासका छिमेकीले बिरोधसहित उजुरी दिने क्रम बढ्दो रहेको बताए । क्रसर उद्योगको बिषयमा संघीय र प्रदेश सरकार तथा स्थानीय तहलाई प्रतिवेदन पठाइसकेको उनको भनाइ छ

साथै बुद्धशान्ति गाउँपालिकाले चुरे क्षेत्रको विरीङ खोला बग्ने वडा १ नम्बरमा सरकारले बनाएको कानून मिचेर क्रसर उद्योग खोल्न अनुमित दिएको छ । साथै बालुवा प्रशोधनको नाममा तीन वटा बालुवा प्रशोधन केन्द्रले क्रसर उद्योग सञ्चालन गरिरहेको उनले बताए ।

यता झापा र इलामको चुरे क्षेत्रमा भइरहेको अवैध ढुंगा उत्खनन् रोक्न तीनै तहका सरकारलाई आग्रह गरेको समन्वय समितिका उपाध्यक्ष मीना पराजुलीले बताइन् ।

# विश्व वरियतामा नेपाली महिला भलिबल

**काठमाडौं, माघ २२।** अन्तर्राष्ट्रिय भलिबल महासंघ (एफआइभीबी)ले सार्वजनिक गरेको विश्व वरियतामा नेपालले ८७औं स्थान हासिल गरेको छ ।

विश्व भलिबलको सर्वोच्च निकाय एफआइभीबीले बुधवार सार्वजनिक गरेको बरियतामा नेपालको राष्ट्रिय महिला भलिबल टोलीले ८७औं स्थान हासिल गरेको हो । एफआइभीबीले अन्तरराष्ट्रिय सहभागिता र सफलताका आधारमा विश्व वरियता निर्धारण गर्दै आएको छ । वरियता क्रममा नेपालको ५७ अङ्क रहेको छ ।

त्यस्तै नेपाली महिला भलिबल टोलीले बंगलादेशमा यसै वर्ष सम्पन्न एभीसी सेन्ट्रल जोन महिला भलिबलको उपाधि हासिल गरेको थियो । त्यस्तै नेपालमा नै आयोजना भएको तेह्रौं दक्षिण एशियाली खेलकुद (साग)मा नेपाली महिला टोलीले एतिहासिक रजत पदक हात पारेको थियो ।

त्यसैगरी वरियता क्रममा भारत ९७ अंकसहित ५४औं स्थानमा छ । विश्व वरियताको शीर्ष स्थानमा भने चीन छ । ३९१ अङ्क जोड्दै चीन शीर्ष स्थानमा रहेको हो । ३८२ अङ्क रहेको अमेरिका दोस्रो तथा ३२८ अङ्क रहेको ब्राजिल तेस्रो स्थानमा छन् । यस्तै इटाली चौथो, टर्की पाँचौं, सर्विया छैटौं जापान सातौं, रसिया आठौं, डोमिनिक गणतन्त्र नवौं र दक्षिण कोरिया दशौं स्थानमा छन् ।

# आफ्नो सबै रकम संस्थालाई दिने पहाडीको घोषणा

**झापा, माघ २२।** मानव अधिकार तथा शान्ति समाजका संस्थापक सभापति कृष्ण पहाडीले आफ्नो खातामा रहने रकम शान्ति समाजमा हस्तान्तरण हुने घोषणा गरेका छन् ।

मानव अधिकारवादी नेता पहाडीले आफ्नो शेषपछि आफ्नो नाममा भएका बैंक खातामा रहने रकम समाजमा हस्तान्तरण हुने घोषणा गरेको सभापति उत्तम पुडासैनीले बुधवार जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

५७ वर्षीय पहाडीले आफूले लेखेका पुस्तकबाट प्राप्त हुने रोयल्टीलगायत रकम पनि शान्ति समाजको हुने घोषणा गरेका छन् । नागरिक आन्दोलनका अगुवासमेत रहेका पहाडीका नेपाली, अंग्रेजी र हिन्दी भाषामा गरी २९ पुस्तक प्रकाशित भएका छन् । यी पुस्तक बिक्रीबाट प्राप्त रकमसमेत उनले समाजकै क्रियाकलाप सञ्चालनका लागि दिएका थिए ।

# बालविवाहमा आएन कमी

**झापा, माघ २२।** बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति २०७२ लागू गरी सोसम्बन्धी विविध कार्यक्रम सञ्चालनमा ल्याइए पनि बालविवाहका घटनामा भने कमी भएको देखिँदैन ।

राष्ट्रिय बालअधिकार परिषद्ले चालू आर्थिक वर्ष (साउनदेखि कात्तिकसम्म) मा विभिन्न पत्रपत्रिकामा प्रकाशित समाचारका आधारमा गरेको अध्ययन अनुसार २२ जिल्लामा ८० बालविवाहका घटनामा ११६ बालबालिकाको विवाह भएको देखिन्छ ।

पहुँच र सचेतना अभावका कारण प्रकाशमा नआएका बालविवाहका घटना यसभन्दा बढी हुनसक्ने अनुमान गर्न सकिन्छ । बालविवाहका घटनाको वर्गीकरण गर्दा बालक र बालिका दुवै ७२ जना (३६ विवाह) ले उमेर नपुग्दै विवाह गरेका छन् भने तीन बालिकाको विवाह अनमेल तथा अस्वाभाविक उमेर अन्तर भएकासँग भएको देखिएको परिषद्का प्रवक्ता रामबहादुर चन्दले जानकारी दिए । साथै ४१ बालिकाको वयस्क पुरुषसँग विवाह भएको पाइएको छ ।

बालविवाह भएकामध्ये आफूखुशी वा भागी विवाह ५६, अभिभावकद्वारा ३८, सामाजिक सञ्जाल र फेसबुक दुरुपयोगका कारण उमेर नपुग्दै २२ जनाको विवाह भएको छ । यसैगरी बालविवाहलाई लैङ्गिक रूपमा विश्लेषण गर्दा बालक ३६ र बालिका ८० रहेका छन् ।

जिल्लागत रूपमा हेर्दा मोरङ जिल्लामा सबैभन्दा बढी २२ बालबालिकाको विवाह भएको घटना प्रकाशमा आएको छ ।

बालविवाह गरेका केही जोडीलाई नेपाल प्रहरीले सम्झाइबुझाई गरी उनीहरुको शैक्षिक निरन्तरताका लागि अभिभावकलाई सल्लाह तथा सुझाव दिएको छ । यस अवधिमा भएका ८० बालविवाहमध्ये आठ नेपाल प्रहरीबाट र दुई बाल क्लबबाट गरी जम्मा १० बालविवाह रद्द गरिएको छ । सूचना र प्रविधिको विकाससँगै पछिल्लो समय उमेर नपुग्दै विवाह गर्ने घटनाक्रम स्वयम् बालबालिकाबाट पनि हुने गरेको पाइएको छ ।

# दूध बेचेर मासिक एक करोड आम्दानी

**काठमाडौं, माघ २२।** माछापुच्छ्रे गाउँपालिका दूध उत्पादनका हिसाबले जिल्लामा नमूना बन्दै गएको छ ।

व्यावसायिक पशुपालन फस्टाउँदै गएपछि यहाँका कृषकले दूध बेचेर मनग्ये आम्दानी गर्दै आएका छन् । गाउँपालिकाको वडा नं. ३ घाचोक र वडा नं. ४ लाहाचोकमा सबैभन्दा बढी दूध उत्पादन हुने गर्दछ । लाहाचोकबाटमात्रै दैनिक पाँच हजार लिटर दूध बिक्रीका लागि बजारमा आउने गरेको छ ।

लाहाचोकका कृषकले दूध बिक्रीबाट दैनिक रु. तीन लाख ५० हजार तथा मासिक एक करोड पाँच लाख आम्दानी गर्दै आएको गाउँपालिका पशु सेवा शाखाका प्रमुख रामचन्द्र पौडेलले जानकारी दिए । दूध बिक्रीबाट आयआर्जन हुन थालेपछि कृषकहरु क्रमशः व्यावसायिक पशुपालनमा आकर्षित हुने क्रम बढेको छ । विगतमा एक/दुई वटा पशुपालन गरेर घरायसी उपभोग गर्दै आएका कृषकले समेत व्यवसायिक पशुपालन शुरु गरेका छन् ।

गाउँपालिका दूधको 'हब' बन्दै गएको छ । विशेष गरी यहाँको लाहाचोक र घाचोकमा पशुपालन व्यवसाय राम्रोसँग फस्टाएसँगै दूध बेचेर कृषकले राम्रो आय-आर्जन गरेका छन् । अन्य वडामा समेत उत्पादन बढिरहेको छ- शाखा प्रमुख पौडेलले भने ।

# करणी गरेको अभियोगमा पक्राउ

**झापा, माघ २२।** बुद्धशान्ति गाउँपालिका बस्ने १४ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा सोही गाउँपालिका-२ गोपलाडाँडा बस्ने कमल भन्ने २९ वर्षीय दिलकुमार कामीलाई प्रहरीले पक्राउ गरेको छ ।

कामीले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय बुधबारेबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

उता रुकुम (पश्चिम), आठबिसकोट नगरपालिका बस्ने ३० वर्षीया महिलालाई जबरजस्ती करणी गरेको अभियोगमा सोही नगरपालिका-३ बस्ने जाजरकोट छेडागाड नगरपालिका-११ घर भएका २२ वर्षीय मोहन रावतलाई प्रहरीले पक्राउ गरेको छ ।

रावतले ती महिलालाई जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ अस्थायी प्रहरी पोष्ट स्यालाखदीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

## १७५ ...

नाम हो विष्णुप्रसाद पौडेल । सत्तारुढ नेकपाका महासचिव समेत रहेका पूर्वअर्थमन्त्री पौडेल यसअघिका अर्थमन्त्री पनि हुन् ।

पूर्वसचिव शारदाप्रसाद त्रिताल संयोजकत्वको टोलीले अनुसन्धान अघि बढाएदेखि नै उनको नाम यो प्रकरणमा मुछिएको थियो । तर, बुधबार अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा दायर गरेको मुद्दामा पौडेलका छोरा अर्थात् जग्गाधनी नवीन पौडेलको नाम परेन ।

अख्तियारले पौडेलले लिएको जग्गाको विषयमा यस्तो प्रष्टीकरण दिएको छ- 'ललिता निवास क्याम्पभित्र पर्ने सरकारी जग्गा आफ्नो नाममा कायम रहेका हालका जग्गाधनीहरुमध्येका कुमार रेग्मी र नवीन पौडेल उपर समेत जग्गा जफतको मागदाबी गर्नुपर्नेमा निजहरुले आयोगका अनुसन्धान अधिकृत समक्ष गरेको बयान तथा आयोग समक्ष पेश गरेको निवेदनमा काठमाडौं बालुवाटारस्थित ललिता निवास क्याम्पभित्र आफ्नो नाममा कायम रहेका जग्गाहरु नेपाल सरकारलाई छाडिदिन मञ्जुर गरेकाले जग्गा जफतको माग दावी लिनका लागि प्रतिवादी बनाउन आवश्यक नदेखिँदा भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ५५ बमोजिम हाल निज कुमार रेग्मी र नवीन पौडेलको हकमा जग्गा जफतको मागदावी नलिने ।'

पौडेलले आफूले नवलपरासीको जग्गा बेचेर त्यहाँ किनेको दाबी गर्दै आएका थिए । पौडेलले छोरा नवीनको नाममा जग्गा पास गराएका थिए ।

**गच्छदार सांसदबाट निलम्बित**

नेपाली कांग्रेसका उपसभापति एवम् संसदीय दलका उपनेता बिजयकुमार गच्छदार प्रतिनिधिसभा सदस्यबाट निलम्बित भएका छन् । बालुवाटारस्थित ललिता निवासको जग्गा अनियमितता प्रकरणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बुधबार विशेष अदालतमा भ्रष्टाचारको मुद्दा दायर गरेसँगै गच्छदार सांसदबाट स्वतः निलम्बित भएका हुन् । भ्रष्टाचार मुद्दा अन्तिम टुंगो नलागेसम्म गच्छदार प्रतिनिधिसभा सदस्यको हैसियतमा रहने छैनन् ।

## फूल ...

छ । फूल खेतीका लागि श्रीमानको साथ छ- लक्ष्मीले भनिन्- 'फूल खेती गर्दा श्रम पनि धेरै गर्नु नपर्ने भएपछि श्रीमान समेत दंग हुनुहुन्छ ।' केही वर्ष अघिसम्म खेती गर्दा घाम पानी नभनी हैरानी व्यहोर्नु पर्थ्यो तर अहिले सहज भएको छ- अधिकारीले भनिन्- 'फूल खेतीसंगै मेवा र तरकारी खेती पनि शुरु गरेकाले घर चलाउन सहज भएको छ । छरछिमेकलाई दिएर पनि मनग्ये आम्दानी गरिरहेका छौं ।'

फूल खेतीकै लागि अहिले दुई विगाह जमिन लिजमा लिएको लक्ष्मीका श्रीमान दलवहादुरले बताए । बिर्तामोड नगरपालिकाले समेत फूल खेतीका लागि टनेल निर्माणमा सहयोग गरेपछि अधिकारी दम्पत्तिले फूल खेती विस्तारका लागि योजना अघि सारेका छन् । नगरपालिकाले फूल खेतीका लागि बेर्ना उत्पादन गर्न टनेल निर्माणका लागि ६० हजार रुपैयाँ अनुदान दिएपछि अधिकारी दम्पत्ति अहिले फूल खेतीका लागि थप उत्साहित भएका हुन् ।

झापामा सयपत्रीको व्यवसायिक फूल खेती गर्ने अधिकारी दम्पत्ति प्रतिनिधि मात्रै हुन् । अहिले बिर्तामोडसहित अर्जुनधारा, भद्रपुर, मेचीनगर, गौरादहमा सयपत्री फूलको व्यवसायिक खेती हुने गरेको बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष कुमार भट्टराईले बताए । झापामा अहिले महिला उद्यमी संघले पनि बिर्तामोड-४मा डेढ बिगाह जमिन लिजमा लिएर फूल खेती गर्दै आएको छ । गड्यौंले मल समेत आफैं बनाएर महिला उद्यमीहरुले फूल खेती शुरु गरेको संघकी अध्यक्ष गोमा भट्टराईले बताइन् ।

झापामा भारतबाट आयातित फूलको व्यापार फष्टाइरहेका बेला महिला उद्यमीहरुले झापामा फूलको व्यवसायिक खेती गरेर मनग्ये आम्दानी गरिरहेका छन् । झापामा बार्षिक झण्डै तीन करोड रुपैयाँको फूल भित्रिने गरेको बताइएको छ । केही वर्षदेखि झापामै फूलको व्यवसायिक खेती हुन शुरु गरेपछि भारतबाट आयात हुने फूलमा समेत कमी आएको महिला उद्यमी संघकी अध्यक्ष भट्टराईले बताइन् ।

## विभेद ...

कार्यक्रममा बोल्दै सहभागीहरुले सरकारी विभेदले ससाना बालबालिकाको कलिलो मानसपटलमा राज्यप्रति विद्रोही भावना जागृत हुनसक्ने धारणा राखेका थिए ।

झापा प्याब्सनका अध्यक्ष एलपी उप्रेतीले सरकारले निजी विद्यालयलाई भवन निर्माणको खर्च र शिक्षकलाई तलब नदिए पनि कम्तीमा शिक्षकलाई तालिम र ती विद्यालयमा अध्ययनरत् बालबालिकाका लागि खेल सामग्री र अल्पसंख्यक तथा दलित छात्रवृत्तिमा असमान व्यवहार नगर्न सुझाए । कार्यक्रममा कनकाई प्याब्सनका अध्यक्ष बिनोद सुब्बाले कार्यपत्र प्रस्तुत गरेका थिए ।

कार्यक्रममा प्रदेशसभा सदस्य हिराकुमार थापा, कनकाई नगरपालिकाका प्रमुख राजेन्द्रकुमार पोखरेल, साझा पार्टीका केन्द्रीय सदस्य भीमप्रसाद अधिकारी, कनकाई नगर शिक्षा प्रमुख पिताम्बर गौतम, कनकाई नगरपालिका-६का वडाअध्यक्ष लक्ष्मीप्रसाद ओली, नेकपाका नगर अध्यक्ष रवीन्द्र लम्साल, नेपाली कांग्रेसका नगर सभापति नेत्रप्रसाद चिमरिया, भगवती आधारभूत विद्यालय चप्रामारीका विद्यालय व्यवस्थापन समिति अध्यक्ष ओमप्रसाद पाठक लगायतले मन्तव्य राखेका थिए । कार्यक्रमको सञ्चालन कनकाई प्याब्सनका सचिव केशवप्रसाद शर्मा बेडारी र कोषाध्यक्ष सागर ढुंगानाले संयुक्त रुपमा गरेका थिए ।


## होटल तथा लज भाडामा

झापा सैनिक मोड दृष्टि आँखा अस्पताल छेऊ पूर्ण डेकोरेशनसहितको A/C, Non A/C सहित सुविधासम्पन्न रुमहरु भएको अति चालू अवस्थाको होटल एण्ड लज भाडामा छ ।

सम्पर्कः ०२३-५४४९५०, ९८२३२३२२८८

## कर्मचारी तु-आवश्यकता

लक्ष्मीपुरबाट चारपाने हुँदै शनिश्चरे, मदनपुर, सिस्ने, खुदुनावारी, जुकेखाडीसम्म पत्रिका वितरण गर्ने मोटरसाइकल भएको व्यक्ति तु-आवश्यकता परेको हुँदा इच्छुकले सम्पर्क गर्नुहोला ।

तलबः ११,००० (बोनसले गाडी मेन्टेन गर्न पुग्ने) समयः ९:३० सम्म लाग्ने

सम्पर्कः ९८०१४०४०००, ९८१६६४१५७३

## बिर्तामोड साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको अत्यन्त जरुरी सूचना

यस संस्थाले आफ्नो कार्य क्षेत्रभित्र विगतमा विस्तार गरेका खानेपानीका पाइपलाइनहरु विभिन्न निकायबाट सञ्चालित आयोजनाहरु तथा व्यक्तिगत निर्माण कार्य सञ्चालन गर्दा प्रयोग गरिने मेसिनरी औजार उपकरणले खानेपानीका पाइपलाइनहरु क्षत्विक्षत भई सदैव उपभोक्ताहरु खानेपानीबाट बञ्चित भई रहेकाले उपभोक्ताहरुको हितलाई ध्यानमा राख्दै यस संस्थाको कार्यक्षेत्रभित्र सञ्चालित आयोजनाहरु सञ्चालन गर्नु पूर्व यस संस्थामा सम्पर्क राखी संस्थाका प्राविधिकहरुको सहयोग लिई आयोजनाहरुको निर्माण कार्य अघि बढाउन हुन सम्बन्धित सबैमा जानकारी गरिन्छ । अन्यथा उपभोक्ताहरु पानी उपभोगबाट बञ्चित हुन गएमा सोको जवाफदेही सम्बन्धित पक्ष आफै हुनुपर्ने र क्षतिपूर्ति समेत सम्बन्धित पक्षले आफै व्योर्होनुपर्ने व्यहोरा जानकारी गरिन्छ ।

**बिर्तामोड साना सहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्था**, बिर्तामोड, झापा

## अब दैनिक भिडियो एक्स-रे सेवा

हाम्रा अन्य दैनिक सेवाहरुः

ओपीडी सेवा | डिजिटल एक्स-रे सेवा | प्याथोलोजी (Lab) सेवा | फार्मेसी सेवा

**अर्जुनधारा डाइग्नोनिष्टक सेन्टर**

अर्जुनधारा नगरपालिका-८, शनिश्चरे बजार (झापा)

सम्पर्कः ०२३-४६५०९७, मो. ९८४२६२३३७३, ९८०६०६२०१०

## घरजग्गा बिक्रीमा

बिर्तामोडस्थित सिने प्लाजादेखि अन्धुवा खोला पश्चिम खानेपानी ट्यांकी जाने कोलोपत्रे सडकबाट १०० मिटर पश्चिमपट्टि ४ कोठाको टिनको छाना भएको साढे सात धुर जग्गासहित घर बिक्रीमा छ ।

किन्न इच्छुकले सिधा सम्पर्क गर्नुहोला ।

सम्पर्क नम्बरः ९८४४६४२०९५, ९८१७९९०२९९

## प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्
## नर बहादुर कर्माचार्य स्मृति प्रतिष्ठान
बिर्तामोड-०४, झापा, नेपालको

## सूचना

प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् प्रदेश नं. १, प्रदेश कार्यालयबाट छोटो अवधिको सिपमूलक तालिम सञ्चालन गर्ने कार्यक्रम अन्तर्गत यस नरबहादर कर्माचार्य स्मृति प्रतिष्ठानले तपशील बमोजिमका निःशुल्क छोटो अवधिको ३ महिने (३९० घण्टा) व्यवसायमूलक/सिपमूलक तालिम सञ्चालन गर्न लागेको हुँदा १७ वर्ष उमेर परा भएका नागरिक तथा यसअघि कुनै पनि व्यवसायको सोही तहको सिप परीक्षणमा सहभागी नभएका इच्छुक व्यक्तिहरुले आवेदन दिनुहुन १० दिनको यो सूचना प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

| सि.नं. | तालिमको नाम | सिट संख्या | समय | आवश्यक शैक्षिक योग्यता |
|---|---|---|---|---|
| १. | Village Animal Health Worker | २० | ३९० घण्टा | कक्षा ८ पास |
| २. | Goat Keeper | २० | ३९० घण्टा | साधारण लेखा पढ |
| ३. | Bee Keeper | २० | ३९० घण्टा | साधारण लेखा पढ |
| ४. | Computer Operator / Computer Hardware | ४० | ३९० घण्टा | कक्षा ८ पास |
| ५. | Off Season Vegetable Training | २० | ३९० घण्टा | साधारण लेखा पढ |

- **फाराम बुझाउने ठाउँ** : नर बहादर कर्माचार्य स्मृति प्रतिष्ठानको कार्यालय पुरानो भद्रपुर रोड ।
- **फाराम भर्ने मिति** : २०७६/१०/२२ देखि २०७६/११/०२ गते ४:०० बजे सम्म ।
- **प्रशिक्षार्थी छनौट** : २०७६/११/०५ गते १०:०० बजेदेखि ।

१) महिला, जनजाति, पिछडिएकावर्गलाई विशेष ग्राह्यता दिइने छ ।
२) तालिम अवधिभर खाजा व्यवस्था गरिने छ ।
३) तालिम पछि (CTEVT) द्वारा तह १ को सिप परीक्षण गरी सफल परीक्षार्थीलाई सिपको प्रमाण पत्र दिइने छ

**आवश्यक कागजात** : १) नेपाली नागरिकताको प्रतिलिपि १ प्रति
२. फोटो-२ प्रति ३. शैक्षिक प्रमाण पत्रको प्रतिलिपि

**स्थान** : बिर्तामोड वडा नं.-०४, पुरानो भद्रपुर रोड

सम्पर्क नम्बरहरु : ०२३-५४६२०८/ ९८५२६७५१९७/ ९८४२६२५३८१/ ९८०५३०००४६/ ९८४२७००४२०

शिक्षालय प्रमुख

## आकर्षक घडेरी बिक्रीमा

साविक शनिश्चरे-३ हाल अर्जुनधारा नगरपालिका-९ पशु हस्पिटल पूर्वपट्टि ३६ फिट मुख भई पश्चिम फर्केको घरायसी तथा व्यापारिक प्रयोजनका लागि अति उपयुक्त, १६ धुरदेखि २५ घरसम्मका भिट्टाहरु सुपथ मूल्यमा बिक्रीमा रहेको जानकारी गराइन्छ । इच्छुक महानुभावले तुरुन्त सम्पर्क गर्नुहोला ।

नोटः बाटोको भाग पिचको बीच भागबाट ५२ फिट कट्टा गरी दिइन्छ ।

सम्पर्कः **एनआईसी एशिया बैंक**, शनिश्चरे शाखा भएको भवन

मोवाइल नम्बरः ९८४२६२४१५०, ९८१७०२१८५५

## कर्मचारी आवश्यकता

यस डिपार्टमेन्टललाई निम्न अनुसारका कर्मचारी आवश्यक परेको हुँदा इच्छुकले तु-सम्पर्क गर्नुहोला ।

पदः **मेनेजर**- १ जना तलबः आपसी समझदारीमा

योग्यताः BBS पास, अनुभवीलाई प्राथमिकता, कम्प्युटरमा दक्ष ।

सम्पर्क मितिः २०७६।१०।२५ गतेसम्ममा

सम्पर्कः **पाथीभरा डिपार्टमेन्टल**, बिर्तामोड, झापा

फोन नं. ०२३-५९०४९४, ९८५२६७२५९६

## मेडिकल बिक्रीमा

झापा बिर्ताबजारस्थित अति चालू अवस्थामा रहेको मेडिकल र ल्याब बिक्रीमा छ । लिन चाहनुहुने महानुभावले तु-सम्पर्क गर्नुहोला ।

मो. ९८८७१३२६४०

## कर्मचारी तु-आवश्यकता

यस प्राइट होटल एण्ड लजका लागि केही कर्मचारी तु-आवश्यकता परेको हुँदा इच्छुक महानुभावहरुले तु-सम्पर्क गर्नुहोला ।

कुक : केही वेटर : केही

सम्पर्क : ९८५२६६३२७७

मेचीनगर -६ काँकरभिट्टा

## आवश्यकता

आत्मरक्षा (सेल्फ डिफेन्स) सम्बन्धी १४ वर्षदेखिमाथि उमेर समूहका दिदी-बहिनीहरुका लागि दुई दिने निःशुल्क तालिम हुने भएकाले इच्छुक दिदी-बहिनीले तल उल्लेखित व्यक्ति र फोन नम्बरमा सम्पर्क राखी नाम टिपाई दिनहुन अनुरोध छ ।



सम्पर्क व्यक्ति :- छिरिङ तामाङ (वामवर्क) ९८१६०९४५७५, मुना थेवे (सेल्फ डिफेन्स) ९८२५९६२१९६, अशोक राई (सेल्फ डिफेन्स) ९८१६००१२२१, सञ्जीव मोक्तान ९८१५९५००३९

मिति : २०७६साल फागुन २ देखि ३ गतेसम्म समय : समय बिहान ९ बजेदेखि

स्थान : भूपू सैनिकको प्राङ्गण दुधे (शिवसताक्षी)

आयोजक : फिट प्रो एण्ड जुम्बा हाउस, झिलझिले

प्रायोजक : दुधे डोजो

सह प्रायोजक : नेप्लीज हर्ट

## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधिः गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

सम्पादकीय

## मानव मन किन पाषण ?

**पाँच दशकअघि अकारण मान्छे मारिनु वा मर्नु अनौठो घटना हुन्थ्यो । त्यही छेउरु झापामा निरपराध मानिसहरु मारिए । जनप्रतिनिधि भएका कारण, धनी टाठाबाठा भनिनेहरुले निर्मम ढङ्गले मारिनु पर्‍यो । त्यसयता मत्थर भएको हिंसा हत्याको आतंक सशस्त्र द्वन्द्वका क्रममा उत्कर्षमा पुग्यो । द्वन्द्वरतले भने बमोजिम दश वर्षाको समयमा सत्र हजारभन्दा बढीको अकाल, असमय र अनाहकमा ज्यान गयो । राजनीतिक नाम दिइएको हिंसाको त्यो रुप र हिंसामा परेका परिवारका लागि आज पनि त्रासदीपूर्ण द्वन्द्व छ । द्वन्द्व गर्ने पक्ष सत्ताको सिंहाशनमा विराजमान छ, पीडितहरु न्याय खोज्न छातीभित्र असीमित पीडा बोकेर कहिले मानव अधिकार आयोग कहिले न्यायालय र कहिले संयुक्त राष्ट्र संघीय कार्यालय धाउँदै छन् ।**

**अचानोको पीडा खुकुरीलाई अनुभूत नै हुँदैन । त्यहीकारण युद्धको चपेटामा पारिएकाहरु हुन् वा युद्धरत वा द्वन्द्वरत पक्ष सत्ताको शयलभन्दा बाहिर रहेकाहरु उस्तै पीडामा छटपटाइरहेका छन्, कतै छातीमा गोली बोकेर, कोही आश्रय गुमाएर त कोही अपाङ्गतालाई बोकेर । अहिले बलात्कार, दुर्व्यवहार, व्यभिचार र दुराचार दूधभात सरहको मीठो र नियमित हुन थालेको छ । आफू जस्तै चेतना भएको अर्को मानिसको हत्या गर्नु सामान्य भएको छ । मानिसको मनमा पशुवत व्यवहार, राक्षसी प्रवृत्ति, अमानीयता र संवेदनहीनता बढेर गएको छ । त्यसकै उदाहरण हुन् कि यस्ता घटनाहरु दिनहुँ प्रकट भइरहनु ।**

**बिर्तामोड झापाको केन्द्र नै हो भने हुन्छ । हुन पनि यहाँ जति शिक्षा स्वास्थ्य, यातायात, सञ्चार लगायतका पूर्वाधार र सेवा जिल्लामा शायदै कतै होला ! त्यसउसले बिर्तामोडबासी समृद्ध छन्, स्रोत, साधन, सेवा, सुविधा र अवसरले पूर्ण छन् । त्यही समृद्ध बिर्तामोडमा प्रत्येक दिन कुनै न कुनै अप्रिय घटना भइरहन्छन् । ती घटनाले देखाउँछ कि सुविधासम्पन्नताभित्र अमानवीयता, मानसिक दरिद्रता र अपराध मनोवृत्ति लुकेको हुन्छ । त्यस्तै भयो मंगलबार बिर्तामोडको चारपाने चोक क्षेत्रमा । एक व्यक्तिलाई परालले छोपेर डढाएर हत्या गरेको अवस्थामा भेटियो । मृतकको सनाखत नै त भएको छैन तर ऊ मानिस हो । एउटै रचना, उस्तै चेतना र समान रुपले मानिस हो जो आफू जस्तै अर्को मानिसबाट निर्मम ढङ्गले मारिएको छ ।**

**विभत्स हत्याको यस्तो रुपले मानिस कति निर्दयी भइरहेको छ भन्ने देखाएको छ । संवेदनशील अङ्ग काटेर, घिसारेर, मारेर जलाउनु निर्ममताको पराकाष्टा हो । सम्पूर्ण प्राणीमाथि दया, माया, प्रेम र करुणा राख्नुपर्ने मानिसको हृदय कसरी पाषाण बन्न सक्छ ? सहृदयता, संवेदना, मानवीयता जस्ता उच्च गुण र विशिष्टताको अपेक्षा अब नगरे हुन्छ त ? यस्ता प्रश्नहरु ठडिन थालेका छन् । यत्र-तत्र । यीनको जवाफ पनि मानिसले नै दिनुपर्ने भएकाले प्रत्येकले आफ्नो मन र मुटुसँग सोध्नु पर्छ । पृथ्वीको सम्पूर्ण मानवलाई बन्धुत्वको भावनामा समेट्ने विशालता, सम्पूर्ण प्राणीमा समान जीवन देख्ने मानवता किन अस्तित्वहीन भएर लम्पसार परेको होला ? जवाफ त्यही मानिसको मनले दिनुपर्छ जहाँबाट यस्ता अपराधहरुको श्रृंखला चुलिँदैछ ।**

# बेलगाम सरकारको पक्षपोषणमा नालायक प्रतिपक्षी !



नकुल काजी

जनमतरुपी विश्वास अनुकम्पित सिँढीका खुट्किलाबाट कार्यकारी पदमा पुगेकाहरुले आ-आफ्नो अख्तियार क्षेत्रलाई मध्यसामन्तयुगीन कविला वा राणाकालीन जिमीदारी मौजा ठान्ने मानसिकताको अनुकृत स्वभाव ग्रहण गर्न थालेकाले आम नागरिक र उनीहरुका बीच वैभिन्यको खाडल दैनन्दिन गहिरिँदै गइरहेको छ। वास्तवमा तिनै जानिर्वाचितहरुले दर्ज्यानी शासकीय तहका डाडु-पन्यूँ समाउने आधिकारिक अवसर पाएपछि उनीहरुको अख्तियार क्षेत्र (Jurisdiction) उनैका निम्ति 'समृद्ध' बनाउँदै लगेका छन् र उनै 'सुखी नेपाली' भइरहेका छन्। अर्थात्, 'जनता नेपाली' र 'शासक नेपाली'-का अलग-अलग किसिमको भोगाइ बमोजिम बुझ्नुपर्ने अवस्थातिर नित्य लम्किरहेछ अहिले यो 'चार जात-छत्तीस वर्णको सुन्दर फूलबारी नेपाली' ! र, समृद्ध नेपाली भोगिरहेका तिनै सुखी नेपालीको सन्तुष्टिका खबरहरु देशका कार्यकारी प्रमुखका सम्माननीय एवम् वरदायी पाउनमा उनै समृद्ध नेपालको चैन भोग्ने ठाउँ जनमतको अनुकम्पाबाट प्राप्त भई हाल सुखी नेपाली भएकाहरुले बिन्ती चढाइरहेका होलान् – जसरी राजतन्त्रकालमा प्रधान पञ्चदेखि माननीय पञ्च, मन्त्री पञ्च, भारदार हुँदै राजदरवारिया सचिवहरुले खोपीको निर्णायक टुंगोमा 'प्रजालाई विश्वकै अद्वितीय पञ्चायती प्रजातन्त्रले रामराज्यको अनुभूति दिइरहेको छ' भन्ने बिन्ती चढाइन्थ्यो भन्छन् २०१७-०४६ का जानकारहरु।

सम्माननीय प्रधानमन्त्री केपी ओलीबाट आफ्नो यो प्रधानमन्त्रीकालको प्रारम्भदेखिका प्रायः सबै सम्बोधनमा देशले नयाँ मुहुडा पाउने र देशबासीले भ्रष्टाचारमुक्त सुशासनमा समृद्ध देशको सुखभोग गर्न पाउने सबै आयामको रमाइला आशाप्रद आश्वासनहरु प्रक्षेपण गर्दै आउनु भएको छ। 'समृद्ध नेपाल सुखी नेपाली'-लाई राष्ट्रिय संकल्प नेपाल बनाइयो। तर, देशलाई भ्रष्टाचारले जर्जर तुल्याउँदै लग्यो। राजनीतिक र प्रशासनिक पहुँचका आडमा देशघाती अपराधहरु पन्पिँदै गए। 'राष्ट्रिय गौरव'- को मुकुट पहिर्‍याइएका आयोजनाहरु 'राष्ट्रिय लज्जाका आयोजना'- मा रुपान्तर हुनु लागेका छन् भने जन-सरोकारी निर्माण-विकासका कामहरु जताततै लथालिङ्ग पारिएका छन्, केही सम्पन्न भएका मध्ये पनि अधिकांश गुणस्तरहीन बनेका आम सिकायतको ओइरो छ। सडक-बाटाहरु जताततै भत्काएर अझ असहज बनाइएको अवस्थामा छाडिएका छन्। यातायातको स्वेच्छातारिता यसै दुई वर्षयता निर्बाध उत्कर्षगामी अवस्थामा पुगेको छ र सरकारी नियामक निकाय निर्लज्ज लाचार देखिँदो छ– जसरी निर्माण-विकास ठेकेदारहरुका सामू सम्बन्धित नियमनकारी निकायहरु निर्धा र लाचार देखिँदा छन्। महंगी बढेर जन-जीविका कहालिने अवस्थामा निसासिइरहेको छ। कर-तिरोका दायरा र दरको बृद्धिले चेपिएको नागरिक तप्कामा कोलाहल छ। ठूल्ठूला करदाताले पहुँचको आधारमा अस्वाभाविक छुट प्राप्त गरी राज्यद्वारा निर्धारित नीति र विधि-प्रक्रियामाथि सरेआम थिचोमिचो गर्ने स्वतन्त्रता पाइरहेका छन्। बलात्कार जस्ता जघन्य अपराध दिन नबिराई भइरहेका छन् र आधाभन्दा अधिक नेपाली आकाश ओगटेका नारी समुदायलाई त्रस्त तुल्याइरहेको छ। साइबर अपराध रक्तबीज राक्षसी शैलीमा मौलाइरहेको छ। घुसखोरी, कमिशनखोरी, घोटलाले सीमा नाघिसकेका छन्। अतः यी सबैबाट नागरिक तप्काका जनतामा अपूर्व असन्तुष्टी जो सुनामीको रुप लिने ताउर-माउरमा छ। स्वयम् सत्तारुढ पार्टीका केन्द्रीय कमरेडहरु केन्द्रीय कमिटीको बैठक मै नकुर्ली नहुने स्थितिमा पुगेको छ देश। उहाँहरु भन्नुहुन्छ– (१) 'हामी कति त बेरोजगार छौं तर यही बैठकमा आउँदा सुटेडबुटेड भएर चिल्ला कारबाट ओलिएका छौं। यत्रो सम्पत्ति कहाबाट कसरी आउँछ ?' (२) 'व्यापारीसँग पैसा मागेर, मतदातालाई मासुभात खुवाएर चुनाव जितेका नेता व्यापारीप्रति बफादार हुन्छ कि मतदाताप्रति ?' (३) 'सरकार बन्ने बेला जन्मिएको बच्चा ३ वर्षको भयो, यो पनि हाम्रै कारणले भन्ने कि ?' (४) 'मैले प्रतिनिधि सभामा चुनाव जित्न जति खर्च गरेको छु, त्यति नै पैसामा सांसद पद किन्छु भन्न कोही आयो भने म बेच्न तयार छु।' (५) 'मन्त्री र सांसदबीच नै नोकर र मालिकको जस्तो सम्बन्ध छ भने जनता र सरकारको सम्बन्ध झन् कस्तो होला ?' (६) केन्द्रदेखि स्थानीय तहसम्मका जनप्रतिनिधि जनताबाट अलग भएका छन्, उनीहरुले धरातल छाडेका छन्, जनतासँग नजिक नहुँदा दुःख देख्नै सकिन्न।' इत्यादि-इत्यादि।

तत्कालीन एमाले र माओवादी केन्द्र परस्पर विलय (Reciprocal Fusion) भई नेपाल कम्यूनिस्ट पार्टी (नेकपा) जन्मिएको २१ महिनापछि बल्ल सो पार्टीको केन्द्रीय कमिटी बैठक यही माघ १५ गतेदेखि पारम्भ भई १९ गतेसम्म चलेको थियो। सो बैठक प्रारम्भ गर्दै प्रधानमन्त्री ओलीले आफ्नो नेतत्वको सरकारबाट दुई वर्षमा देश र देशबासीलाई असाधारण उपलब्धि भएको भाषण गर्नुभएको समाचार सुनेर सबै तप्काका, र खासगरी आधारभूत तप्काका, नेपालीमा थप विरक्तिको अनुनाद मिश्रित रुन्चे हाँसो उर्लिएको थियो भने केन्द्रीय सदस्य कमरेडहरुकै चित्त नबुझेको समाचारले अझ थप चिन्तित तुल्याएको स्थिति त ज्यूँका त्यूँ झाङ्गिँदै गइरहेकै छ।

शासकीय पदासीन सुखी नेपालीले बिन्ती चढाए बमोजिमको जानकारी सम्माननीय कार्यकारी प्रधानमन्त्रीले केन्द्रीय कमिटी बैठक उद्घाटनको लगभग दुई घण्टा लामो भाषणमा प्रवाह गर्नुहुँदै देशमा भ्रष्टाचार, अविकास, गरिबी, अशान्ति-असुरक्षा, बेथिति, दण्डहीनता, अपरादर्शिता, विधिविरोधी शासन, जनताको बेखुसी, आर्थिक-सामाजिक कार्यको सम्पादन नभएको अवस्था, व्यापार घाटा आदि-इत्यादि सेरोफेरोको सूचकांक घट्नुपर्ने घटिरहेको र बढ्नुपर्ने बढिरहेको बताउनु भएको हुन सक्तछ। सम्माननीय प्रधानमन्त्रीका यस्ता हुकुम निगाहको स्रोत-अन्तर्य केलाउँदा उहँको व्यक्तिगत गल्ती वा अन्यथा ठहर्‍याउन मिल्दैन। 'दान घरबाट शुरु हुन्छ' (Charity Begins At Home)भन्ने विश्वमान्य सूक्तिको चश्माबाट हेर्दा त झन् हाल बहुमतको एकाधिपत्य सरकारका सबै तहबाट जे-जे हुँदैछन् उनीहरुका हकमा बिल्कुल ठीक हुँदैछ भनेर मान्नैपर्ने नै हुन्छ। विश्वमा कम्यूनिस्ट शासकहरुले आफ्नो जल्दोबल्दो उदयकालमा उनीहरुको परम्परागत आग्रह (Traditional Longing?)-लाई सार्थकरुपमा स्थापित तुल्याउने अनेक उपाय गरेका नजिरहरु नभएका होइनन्। आधुनिक चीनका अध्यक्ष माओ, कोरियाली पूर्व राष्ट्रपति किम इल, रोमानियाइ पूर्व राष्ट्रपति निकोलाई चाउचेस्कुहरु जे मन लाग्यो त्यही गर्थे र जनताले नतमस्तक भई स्वीकारको ल्याप्चे लाउँथे– 'जसोतसो बाहुन बाजे उसैउसै स्वाहा !' भन्ने उखान जस्तै। त्यस्तै स्वभाव र मोगल बादशाहहरुमा पनि थियो। नेपालकै जंगबहादुर लगायतका राणा-शासकहरु मै थियो। अतः 'लोकतान्त्रिक' गजुरमुन्तिर चलिरहेको अहिलेको 'वर्तमान'-ले चाहेको पनि त्यस्तै-त्यस्तै पो हो कि ! यद्यपि त्यसै नै गरिहाल्न चाहिँ समयसँगै दह्रिएको लोकको यो छिमलमा संभव मानिइन गाह्रै छ।

> देशमा भ्रष्टाचार, अविकास, गरिबी, अशान्ति-असुरक्षा, बेथिति, दण्डहीनता, अपरादर्शिता, विधिविरोधी शासन, जनताको बेखुसी, आर्थिक-सामाजिक कार्यको सम्पादन नभएको अवस्था, व्यापार घाटा आदि-इत्यादि सेरोफेरोको सूचकांक घट्नुपर्ने घटिरहेको र बढ्नुपर्ने बढिरहेको बताउनु भएको हुन सक्तछ ।

सत्तारुढ हुँदाको स्वादमा पल्केको नेपाली कांग्रेसका उपल्ला नेताहरुको जिब्रो पूर्वदीप्ति (Flash Back)-मा पढ्किने गरेर सो पार्टी त्यसको प्रमुख प्रतिपक्षीको बर्कोभित्रबाट 'सरकारको अनन्य सहयोगी' भइरहेको दृश्यावलीको तेस्रो आयाम (गुढाशय) केलाउँदा भने, माथिका अनुच्छेदहरुमा कोट्याइका कुरा जुधेर, आङ जुर्काउनुपर्ने स्थिति खडा हुन्छ। यस आर्थिक वर्षका लागि घोषित सरकारका नीति तथा कार्यक्रमको मौन समर्थन, लोकतन्त्रको गलो बीभत्स रुपमा सेर्ने किसिमका सरकारी विधेयक संघीय संसदमा धमाधम प्रस्तुत हुँदा मौन, मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी)-को अनुदान राशी सहर्ष स्वीकार गर्नुपर्ने सरकारी बेजोड ताउरमाउरलाई प्रमुख प्रतिपक्षी पार्टी सभापति हैसियतका शेरबहादुर देउवाको अशोभनीय काँध हलाइ, संघीय संसदको उपसभामुख पदका लागि सरकारी उम्मेदवारलाई निर्बिरोध हुन दिएर घटनापरकरुपमा प्रमुख प्रतिपक्षीको संवैधानिक अस्तित्वको आत्मदान, विषादियुक्त भारतीय साग-सब्जी प्रकरणमा सरकारी निर्णयमा चूपचाप, आकाशिएको मूल्य बृद्धि र शिक्षा-स्वास्थ्यमा द्रूत गतिमा बढिरहेको चरम बेथिति लगायततिर खबरदारीको चुँसम्म गर्न नसक्नुदेखि ट्रस्टको जग्गा भाडा-बकस, वाइड बडी विमान खरिद काण्ड, बालुवाटारे जग्गा बिक्री काण्ड, साढे तेत्तीस किलो सुन तस्करीले घिसारेर उपस्थित गराएका काण्ड-उपकाण्डहरुमा कहाँनेर प्रमुख प्रतिपक्षी हैसियतको नेपाली कांग्रेसले संस्थागतरुपमा आफूलाई अग्रसर गरायो ? २००७ साल, २०४६ साल र २०६३ का ऐतिहासिक परिवर्तनकारी आन्दोलनहरुको अगुवाइ गरेको यशस्वी नेपाली कांग्रेस, तीन-तीन वटा प्रजातान्त्रिक-लोकतान्त्रिक संविधान निर्माणका लागि नेतृत्व गरेको श्रेयको हकदार नेपाली कांग्रेस, हरेक आन्दोलनले ल्याएको परिवर्तनपछि सरकारको नेतृत्व गर्ने नेपाली कांग्रेस, देशमा भएका सात चुनावमध्ये चारमा विजय हासिल गरेको गौरव बोकेको नेपाली कांग्रेस... परन्तु अन्तरपार्टी प्रजातान्त्रिक अभ्यासमा असफल अहिले आफ्नै ऐतिहासिक विरासदको चूलो खनेर आँगन पुर्ने उखानको जीवन्त प्रतीक बन्ने अदूरदर्शी 'रेला खेल'-को रंगोलीमा अलमस्त छ। र, लोकतान्त्रिक विश्वासका प्रति असीम अनुरागी जनमनलाई धोका अनुभूत गराइरहेको छ। आफ्नै पार्टीवृत्तभित्रको उराठलाग्दो ग्याराँग्याँर-गुँगुँरले आफैलाई धूलोपिठो पार्ने बाटोमा लर्खराइरहेको छ।

प्रतिपक्षको अर्को लर्को पार्टीहरुमध्ये मधिसे पार्टीहरुले आफूलाई सनातनी मूलधारका नेपाली जन-मनमा गाढिएको 'पाहुना' अनुभूतिबाट उकास्नसम्म पनि सकिरहेका छैनन्। राष्ट्रिय प्रजातन्त्र पार्टीहरु उनका 'आफन्त'-माझ 'उसिन्न बसाएको ढुङ्गो पाक्छ' भन्ने विश्वासको 'बिजिनेस' गरिरहेकाछन्। तपसीलमा अन्य थुप्रै पार्टी पनि आफूलाई 'प्रतिपक्षी' भन्दै हिंडेका छन्– 'जनमत'का गरीबहरु ! अर्थात्, यस्तो अवस्था भनेको सत्तापार्टीका लागि, 'केको पुच्छर काटी केलाई सजिलो' भने झैं, भाग्यले जुराएको सौभाग्य ठहरिनु किन स्वाभाविक हुँदैन र ? प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसमाथि नै प्रबुद्ध विश्लेषकहरुको तीक्ष्ण टिप्पणी आइरहेका छन्। एक विश्लेषकले– "अब देउवाहरुसँग आफू पन्छिएर कांग्रेस बँचाउने कि आफूहरु पुनर्स्थापित भएर पार्टीलाई धराशायी बनाउने भन्ने विकल्प मात्र बाँकी छ" – भन्दै टिप्पणी अघि सार्छन्– "....सरकार नेकपाकै वरिष्ठ नेताहरुका आलोचनाबाट जति असुरक्षित छ, प्रतिपक्षी कांग्रेस र यसको नेतृत्वबाट त्यसभन्दा ज्यादा सुरक्षित देखिन्छ। जहाँ सरकार प्रतिपक्षीबाटै 'सुरक्षित' देखिन्छ, त्यहाँ प्रजातन्त्र संकटमा पर्छ।"...यस अवस्थामा अन्य प्रतिपक्षी पहिचानका पार्टीहरु बारे चर्चाको औचित्य नै छैन।

अतः, यसकारण वर्तमान नेकपाको एकमना सरकारलाई 'जङ्गेले बोलेपछि बोल्यो-बोल्यो'-को स्वतन्त्र्य प्राप्त छ। यो स्वतन्त्रता ऊ बेलगाम भएकाले मात्र उसलाई प्राप्त भएको होइन, उसलाई चलाउने पार्टीको जन्मजात चारित्रिक-प्राकृत स्वभावप्रदत्त आनीबानीले समेत हो। यसलाई यसरी बुझ्न नपाइने वा नसकिने हो भने कसरी बुझ्नुपर्ने हो त ?...

र, आजलाई बस् यत्ति नै। शेष फेरि–

# छोरी नचिनेको संसार

□ रञ्जिता शर्मा बच्काई

घण्टौंसम्मको क्रन्दन, छट्पटाहट, डाहा, औडाहा र असिम पीडाका बीच मेडिकल टिमको सहयोगपछि च्याँहा-च्याँहा आवाजसँगै नवजात शिशु यो धर्तीमा ओर्लन्छ। शिशुलाई आमाको छातीमा टाँसिदिएसँगै प्रसव पीडाको आँधी थामिन्छ। आँधी त थामियो तर उनको अनुहार उजेलिएको छैन। छोरा जन्मिएको हो कि छोरी ? उनको अनुहारको छटपटी बेग्लै छ। उनी क्वारक्वार्ती मेरो अनुहारतिर हेर्छिन्। आँखाभरि प्रश्नका लस्कर छन्। शिशुको तौल नाप्नका लागि आमाको छातीबाट बच्चा झिकेर बेरिएको कपडा यसो उचाल्दै म सोध्छु- 'दिदी भन्नुहोस् त ल, के जन्माउनु भएछ ?'

छोरी। खिस्रिक्क पर्दै, बोली थर्थराउँदै, थकथक मिसिएको जवाफ आउँछ। उनको अनुहारको रङ यसरी बदलिन्छ कि मानौं उनको फोक्सोले श्वास नै लिएन, हेमोग्लोबिनले अक्सिजन नै बोकेन, मुटुले रक्तसञ्चार नै गरेन। उनको अनुहार निलो भयो। लेबर रुम बाहिर सुखद् समाचारको ब्यग्र प्रतिक्षा गरिरहेका परिवारजन र इष्टमित्रका लागि शिशुको आगमन खासै सुखद समाचार बन्न सकेन। सबै खिस्रिक्क परेजस्ता देखिए। फेरि छोरी ! आवाजमा थकथकी मिसिएको थियो। छेउको कुर्सीमा एउटी महिला गमक्क परेर बसेकी थिइन्। नजिकै गएर सुत्केरीलाई सोधें- 'दिदी तपाईंलाई कस्तो छ ?' उनले मलिन आवाजमा जवाफ दिइन्- 'ठिकै छु।' के खानुभयो ? घाउ दुखेको छ कि छैन ? सुप खाइसकेको र केही बेरमा खाना खाने उनले जवाफ दिइन्। नानीले दूध राम्ररी चुसेकी छन् कि छैनन् भनेर सोध्दा ती गमक्क परेकी महिलाले जवाफ दिइन्- 'दूध चुसिराछे।'

'हजुर उहाँको आमा ?' मेरो प्रश्न। 'होइन। सासु हुँ, यो मेरी कान्छी बुहारी।' कति राम्री नातिनी जन्मिछन् है। उनको जवाफ थियो- 'नातिनी त फालाफाल छन् नि। मैले लगातार तीन वटी छोरा जन्माथें। सबैले कति लक्षिनकी भन्थे। दुईवटै बुहारीले पहिलो पटकमै छोरा पाए। यो कान्छीको त तेस्रो छोरी हो। यस्तो तालले यसले कहिले छोरा पाउछे खै ? कान्छाको त वंशै मासिन्छ कि खै ?' उनका कुराले मलाई खिन्न बनायो।

यत्तिकैमा परबाट मलिन अनुहार लिएर अल्मलिए झैं गरी छेउछाउको बेड चियाउँदै दुई-तीन वटा थोत्रा झोला बोकेर एउटी महिला त्यहाँ आइपुगिन्। मिलेसम्म झुकेर ती गमक्क परेकी महिलालाई भनिन्- ढोग गरें सम्धिनीज्यू। गमक्की परेकी महिला थप गमक्क परेर फिस्स हाँस्दै हात जोडे-जोडे झैं गरिन्। नातिनी हेर्न र सुत्केरी स्याहार्न अस्पताल आइपुगेका दुवै महिला लगभग एकै उमेरका जस्ता देखिन्थे। उस्तै लवाइ, उस्तै लवज र उस्तै चालढाल, तर उनीहरुको प्रस्तुति विल्कुल फरक थियो।

एक दिनअघि छोरी जन्मिँदा नवजात शिशुकी आमाको प्रतिक्रिया देखेर मलाई खिन्न लागेको थियो। म निचोडमा पुगेको थिएँ कि ती महिला छोरी जन्मिँदा खुशी नहुनुको कारण नितान्त उनको छोरावादी सोच मात्र थिएन। यो त हाम्रो समाज, संस्कृति, चेतनाको स्तर र महिलाको अवस्थाको उपज थियो। तर, आज दुईवटी सम्धिनी (छोरा र छोरीकी आमा) भेटमा देखिएको विभेदको खाडलले मलाई फेरि सोचमग्न बनायो। एकातिर लत्रेको भाव थियो, अर्कोतिर बडप्पन। कस्तो नसुहाएको।

राष्ट्रिय स्तरमा महिला अधिकारका लागि समग्र महिला एकैसाथ मिलेर घन्काएका नारा एकातिर, संविधानमा सुनिश्चित गरिएका हक अधिकार एकातिर, तर आम महिलाभित्रको आन्तरिक विभेदको खाडल अर्कोतिर। लैंगिक विभेदसँग जोडिने सामाजिक, आर्थिक, सांस्कृतिक र शैक्षिक पाटाहरु अर्कोतिर यही विभेद भित्रबाट जन्मिन्छन् छोरा र छोरीका आमाबीच हुने असमानताका अनेक कथाहरु।

छोरा जन्माउँदा होस् या छोरी, पीडा उस्तै हो। तर खुशी नाप्ने मेसिन के छ कुन्नि ? कहिले खिस्रिक्क, कहिले



फुरुक्क। एउटी महिला आफूलाई सम्पूर्ण ठान्छिन् जतिखेर उनी छोराकी आमा बन्छिन्। सिंगो संसार यस्तै छ ? छैन। हाम्रो सेरोफेरोको संसार चाहिँ यस्तै छ। सामाजिक चालचलन, संस्कृति, वंश र अंश जोगिएको ठान्ने परम्पराले गर्दा यो खुशीसँगै आमाको मनमा अहंकार पनि विस्तारै थपिँदै जान्छ। उनले आफूलाई भाग्यमानी र लक्षिनकी ठान्छिन्। छोराको बाबुको फूर्तिफार्ती पनि बेग्लै हुन्छ।

एउटै छोरी नजन्माएर छोरैछोराको लस्करबीच बाँचेकी आमाको शुरु-शुरुको फूर्तिफार्ती र जीवनप्रतिको सन्तुष्टि नै बेग्लै हुन्छ। तर, थाहा नपाइकनै जिन्दगीको एउटा असाध्यै चहकिलो रङ उनले गुमाइरहेकी हुन्छिन्। छोरी अर्थात् आफू जस्तै मान्छे। उस्तै मन, उस्तै मुटु उस्तै भावना। सानी गुडिया जस्ती छोरी थाहै नपाइकन कति आत्मीय साथी बन्छे। आमाका कपडा, गहना लुकिलुकी लगाउँछे छोरी।

शुरुमा आमा हप्काउँछिन् नक्कल पारी भनेर। तर, पछि नक्कल पार्ने सुन्दर अक्कल हुर्कँदै गरेकी छोरीबाट उनैले सिक्छिन्। सुख-दुःखको असल र भरपर्दो साथी बन्छे छोरी। पतिसँग, छोरासँग भन्न नसक्ने कुरा, दुःख र रोग आमाले छोरीलाई सुनाउनै पर्दैन। आमाको आँखाको भाका हेरेरै सबै बुझ्छे उसले। अनि आमाको अनुहार मात्र होइन, मन पनि उजेलिँदै जान्छ। तर, समाज सन्चो छैन। कसैसँग बोली कि, कतै गई कि ? ढिलै आए पनि पिरै, कतै गए पनि पिरै। डरडरै घर सम्झेर छोरीले दिएको उज्यालोलाई सामाजिक परिवेशले अर्कै बनाइदिन्छ। यो समस्याबाट मुक्त छिन् छोराकी आमा। मान्छे पिटे पनि बहादुरी गरेर आएछ भन्दै गमक्कै पर्छिन्।

अनुशासनहिन बनाएर राख्दा भोलि उसले परिवारमात्र होइन, समाजलाई नै पिर्छ। आमा पिर्न जानेको छोरोले भोलि बिहे भएपछि अर्काको छोरीलाई झन् पिर्छ र समाज बिरामी भइरहन्छ। पिराहाको संसारले पिरिएर। सामाजिक परिवेशमा छोराका आमाले झुक्न जानेका हुँदैनन्। झुक्नु लत्रिनु होइन। फल्नु हो। फुल्नु हो। सुवास छर्नु हो। यस्ता कुरा उनीहरुले बुझेका हुँदैनन्। समाज पाइला-पाइलामा छोरीको परीक्षा लिन्छ। कति धेरै व्यवहार जानेर, कति धेरै सप जानेर, कति धेरै असल चालचलन सिकेर एउटी छोरीले स्कूले शिक्षा सिध्याउँछे। उनकै उमेरको छोरो एक कप चिया पनि पकाउन नजानेर, एउटा सर्ट पनि धुन नजानेर, मान्छेलाई नमस्ते पनि गर्न नजानेर कति रुखो बनेर त्यो जीवन छिचोलेको हुन्छ।

जब बिहे गर्ने बेला आउँछ, छोरावादी सामाजिक अहंकारको प्रतिबिम्व छताछुल्ल बन्छ। विवाहमा समान, सम्मानित र सभ्य माहोल देखिँदैन। छोरी जन्मेसँगै झुकेको शीर छोरीको बिहेपछि आफू जस्तै अर्की महिलाको शीरमा पुगेर ठोकिन्छ। र, बारम्बार ठोकिइरहन्छ। छोराको आमालाई विशेष सम्मानका साथ महँगो उपहार पठाइन्छ। किनकि उनले छोरा जन्माइन्, हुर्काइन् र ठूलो बनाइन्। तर छोरीकी आमाको उस्तै देनको कदर गरिँदैन। दुईटा परिवार जोडिएर बनेको सम्बन्धमा एकतर्फी मलजल छोरीकै परिवारले गरिरहन विवश हुन्छ। सम्धिनी भेट होस् या हस्पिटलको बेडभित्रको भेट, छोरीकी आमा लत्रिएकै हुन्छिन्। यस्तो कुरालाई हाम्रो समाजले किन संस्कार भन्दै मलजल गरिरहन्छ ? समान र न्यायोचित समाज निर्माणको आवाज किन मलिनो छ ?

संस्कारविहीन बनेर हुर्किएको छोराको लागि समाज संस्कारी बुहारी खोज्छ र पाइला-पाइलामा बुहारीको संस्कार जाँचिइरहन्छ। एकदिन पास भएर पुग्दैन, छिन-छिनमा जाँच लिइरहन्छ। हामी धर्तिलाई आमा मान्छौं। देशलाई आमा मान्छौं। अनि आमाले जन्माएका छोरीलाई र छोरी जन्माउने आमालाई समाजका अनेक विभेदकारी चालचलनले बाँधेर किन अपमानित गर्छौं ? छोरीकी आमाले आफ्नो जिन्दगीको सबैभन्दा गाढा र चम्किलो रङ अर्काको घर सिंगार्न पठाएकी हुन्छिन्। एउटा अनिश्चित भविष्य बोकेर आफ्नो सन्तानलाई अर्काको हातमा सुम्पिएकी हुन्छिन् र एक्लै अँध्यारो कुनामा बसेर आफ्नो ममतालाई आँसुको भेल बनाएर बगाइरहेकी हुन्छिन्। कसले बुझ्छ त्यो भेललाई ? त्यो भेलको अवमूल्यन गर्दै उनको शीर आफू जस्तै अर्की महिलाको पाउमा बारम्बार ठोक्किन्छ किन ?

# एभरेष्ट स्मार्टको दोस्रो वार्षिकोत्सव



**बिर्तामोड, माघ २२।** झापाको बिर्तामोड- ६ बुट्टावारीस्थित एभरेष्ट स्मार्ट एजुकेशन एकाडेमीको दोस्रो बार्षिकोत्सव सम्पन्न भएको छ ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष देवीप्रसाद गिरीको अध्यक्षता तथा बिर्तामोड नगरपालिकाकी उपप्रमुख पवित्रा महतारा प्रसाईको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा न्यूटन्स एजुकेसन एकेडेमीका निमित्त प्रिन्सिपल देवेन्द्र हुमागाईंले स्वागत गरेका थिए ।

कार्यक्रममा प्रमुख अतिथि बिर्तामोड नगरपालिकाका उपप्रमुख प्रसाईंले एभरेष्ट स्मार्ट एजुकेसन एकाडेमीले रचनात्मक काम गरिरहेकोले नगरपालिकाले प्राथमिकतामा राखेको बताउँदै विद्यालयका संस्थापक हरिकुमार प्रसाईंले गरेको शैक्षिक योगदानको चर्चा गरिन् ।

त्यस्तै बिर्तामोड नगरपालिका वडा नं. ६ का वडाध्यक्ष सूर्यप्रसाद कन्दङ्गवाले आफ्नो वडामा सुविधासम्पन्न विद्यालय स्थापना गरेर गुणस्तरीय शिक्षा प्रदान गरेकोमा एभरेष्ट स्मार्ट एजुकेसन एकाडेमीलाई स्थायित्व दिन र प्रवर्द्धन गर्न सदैव सहयोग गर्ने बताए ।

त्यस्तै देवी माध्यमिक बिद्यालय व्यवस्थापन समितिका अध्यक्ष ज्ञानुराम प्रसाईंले शैक्षिक क्षेत्रमा बिद्यालयले पुर्‍याएको योगदानको चर्चा गरेका थिए । ओलम्पिक टर्च वालेर शुरुवात गरिएको कार्यक्रममा विद्यार्थीले स्वागत गीत, नृत्य, मार्चपास, खुकुरी नृत्य, कौडा नृत्य, प्रस्तुत गरेका थिए ।

त्यस्तै विद्यालयको लोगो ड्रिल, विद्यार्थीको कपडा ड्रिल, कराते काता, फाइट, अभिभावकहरुको एक सय मिटर दौड लगायत प्रस्तुत गरेका थिए ।

कार्यक्रममा विभिन्न खेलकुद विधामा विजयी हुने विद्यार्थी, अभिभावक र २०७५ सालमा उत्कृष्ट हुने विद्यार्थीलाई पुरस्कार प्रदान गरिएको थियो ।

२०७५ सालमा शत्प्रतिशत हाजिरी हुने विद्यार्थी, सफासुग्घर हुने विद्यार्थी, वर्ष उत्कृष्ट विद्यार्थी, अनुशासित विद्यार्थी, क्रिएटिभ विद्यार्थी, सहयोगी विद्यार्थी, खेलकुदको क्षेत्रमा वर्ष उत्कृष्ट विद्यार्थी, वर्षको उत्कृष्ट सदन, कक्षागत उत्कृष्ट विद्यार्थीलाई पुरस्कार प्रदान गरिएको थियो ।

एभरेष्ट स्मार्ट एजुकेसन एकाडेमीका म्यानेजिङ डाइरेक्टर आशिष प्रसाईंले धन्यवाद ज्ञापन गरेको कार्यक्रमको सञ्चालन शिक्षक शिव वराइली, प्रतिमा घिमिरे, बिद्यार्थी विभूति खनाल र एरिस शर्माले गरेका थिए ।

# युनिक क्याम्पसको अध्यक्षमा खरेल



अध्यक्ष : तीर्थराज खरेल

**सुरुङ्गा, माघ २२।** युनिक बहुमुखी क्याम्पस सुरुङ्गामा नयाँ क्याम्पस सञ्चालक समितिको अध्यक्षमा तीर्थराज खरेल चयन भएका छन् ।

मातृका ढुंगानाले कार्यव्यस्तताका कारण अध्यक्ष पदबाट राजीनामा दिएपछि खरेलको अध्यक्षतामा नयाँ सञ्चालक समिति गठन गरिएको हो । २०४९ सालदेखि शिक्षा क्षेत्रमा क्रियाशील खरेल २०५९ सालदेखि स्थानीय कनकाई बहुमुखी क्याम्पसमा अंग्रेजी विभागमा उपप्राध्यापकका रुपमा कार्यरत थिए ।

१५ वर्षदेखि क्याम्पसमा निरन्तर कार्यरत् प्राध्यापक संघका सभापति एवम् अंग्रेजी विभागाध्यक्ष उपप्राध्यापक हरिप्रसाद तिम्सिनालाई गत असोज १४ गतेदेखि कनकाई क्याम्पसले बिनाकारण अमानवीय ढंगबाट अवकाश दिएपछि कनकाई क्याम्पसमा विवाद शुरु भएको थियो ।

क्याम्पस प्रमुखको कार्यशैलीसँग असहमत हुँदै खरेल सो क्याम्पसबाट अलग भएका थिए । अहिलेकै अवस्था कायम रहने हो भने कनकाई क्याम्पसमा पढ्ने र पढाउने दुबै वातावरण नरहेको निष्कर्षमा पुगी खरेलले असन्तुष्ट बनी गत मंसिर ४ गतेदेखि उक्त क्याम्पसबाट स्वअवकाश लिएका थिए । त्यसपछि उनी स्थानीय युनिक क्याम्पसमा आबद्ध भएका थिए ।

अहिले पुनर्गठन गरिएको युनिकको क्याम्पस सञ्चालक समितिको उपाध्यक्षमा त्रिलोचन उप्रेती, सदस्यहरुमा युवराज अधिकारी, रमेश दाहाल, गुरुप्रसाद पौडेल, चम्पा खनाल (सुवेदी), टंकराज तिम्सिना, विष्णुकुमार रिजाल र धन्दीराज नेपाल रहेका छन् । समितिको सदस्य सचिवमा क्याम्पस प्रमुख दीपक भट्टराई चयन भएका छन् । सञ्चालक समितिको बैठकले सहायक क्याम्पस प्रमुखमा युवराज अधिकारीलाई नियुक्त गरेको अध्यक्ष खरेलले जानकारी दिए ।

त्यसैगरी क्याम्पस सञ्चालनमा आवश्यक सरसल्लाह दिनका लागि कनकाई नगर क्षेत्रका अग्रज शिक्षासेवी तथा समाजसेवीहरुलाई सल्लाहकार समितिमा चयन गरिएको छ । मञ्जु प्रसाईं, आशा शर्मा शिवाकोटी, ओमदेव शाही, एलपी उप्रेती, कुमारमणि पोखरेल, अखिलकुमार कोइराला र डीआर सुवेदी रहेको सल्लाहकार समिति चयन गरिएको क्याम्पस प्रमुख भट्टराईले बताए ।

अध्यक्षमा नियुक्त भएपछि खरेलले युनिक क्याम्पसलाई कनकाई नगरपालिका, झापा गाउँपालिका र शिवसताक्षी नगरपालिका लगायतका सेवा क्षेत्रका अभिभावकको मन जित्दै गुणस्तरीय शिक्षा प्रदान गर्ने उच्च शैक्षिक संस्थाको रुपमा विकास गर्न क्रियाशील रहने प्रतिबद्धता जनाएका छन् । २०७४ सालदेखि निजी स्तरमा सञ्चालनमा आएको युनिक क्याम्पसमा हाल बीबीएस प्रथम, द्वितीय र तृतीय वर्षमा गरी १ सय ४० विद्यार्थी अध्ययनरत् छन् ।

# कनकाई खेलकुद प्रतिष्ठानको नेतृत्व चयन



अध्यक्ष : दिनानाथ खतिवडा

**सुरुङ्गा, माघ २२।** झापाको सुरुङ्गा कार्यालय रहेर नगर तथा जिल्लाभर खेलकुद प्रतियोगिता तथा खेलाडी उत्पादनको काम गर्दै आइरहेको कनकाई खेलकुद प्रतिष्ठान (कासा)को अध्यक्षमा अगुवा युवा नेता दिनानाथ खतिवडा सर्वसम्मत चयन भएका छन् ।

पाचौं वार्षिक साधारणसभा तथा तेस्रो अधिवेशनले खतिवडाको नेतृत्वमा नयाँ कार्यसमिति चयन गरिएको हो । समितिको उपाध्यक्ष विनोद उप्रेती र झलक सिटौला, सचिव बिनोद रानामगर, सहसचिव मान्ता खरेल र कोषाध्यक्षमा अम्बिका खरेल रहेका छन् । त्यसैगरी सदस्यहरुमा गोविन्द सुवेदी, नवीन सिटौला, हरि कार्की, केशव शिवाकोटी, ईश्वरा थापा, मोहन थापा, रमेश मैनाली र खगेन्द्र सेलवाल रहेका छन् ।

प्रतिष्ठानका अध्यक्ष दुर्गाप्रसाद प्रसाईंको अध्यक्षतामा भएको कार्यक्रममा अन्तर्राष्ट्रिय खेलाडी भीष्म चुडाल (सुरुङ्गा) लाई सम्मान गरिएको थियो । चुडाललाई कार्यक्रमका प्रमुख अतिथि संविधानसभा सदस्य प्रेम गिरी, विशिष्ट अतिथि प्रदेशसभा सदस्य हीराकुमार थापाले सम्मान गरेका थिए ।


**पत्रिका समयमा पाउनु भएको छैन ?**

मो. ९८०७९१०२२२ पत्रिकाको ग्राहक शुल्क भुक्तानी गर्नलाई निम्न नं. मा सम्पर्क गर्नुहोस् ।


# महारानीगञ्ज माविको ६२औं वार्षिकोत्सव



**अर्जुनधारा, माघ २२।** झापाको अर्जुनधारा-११ सालबारीमा रहेको महारानीगञ्ज माध्यमिक विद्यालयको ६२औं वार्षिकोत्सव शुरु भएको छ ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रोहितमान ढकालको अध्यक्षतामा भएको कार्यक्रमको प्रमुख अतिथि नगर प्रमुख हरिकुमार रानाले उद्घाटन गरेका थिए ।

प्रधानाध्यापक मनबहादुर लिम्बूले स्वागत गरेको कार्यक्रममा विभिन्न व्यक्तित्वहरुलाई विद्यालयले सम्मान र प्रशंसा पत्रबाट सम्मानित गरेको थियो । यसरी सम्मानित हुनेहरुमा अर्जुनधारा-११ वडा समितिका अध्यक्ष भैरवबहादुर खड्का, पूर्व विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बलिराज इङनाम र पूर्व प्रधानाध्यापक बच्चेलाल चौधरी रहेका छन् ।

त्यसैगरी अभिभावकतर्फ प्रमिला भट्टराई र सुकमती चौधरी तथा वर्ष उत्कृष्ट शिक्षकबाट शिक्षकद्वय दुर्गा ओझा र भीमबहादुर भारतीलाई नगदसहित प्रशंसा पत्रबाट सम्मानित गरिएको थियो ।


सोही कार्यक्रममा दाता रोहितकुमार भट्टराईद्वारा स्थापित देवीमाया-सूर्यप्रसाद भट्टराई उत्कृष्ट शिक्षा पुरस्कारबाट कक्षा ८ की छात्रा मुस्कान दासलाई नगद तीन हजार एक सयसहित प्रशंसा पत्रबाट पुरस्कृत गरिएको थियो ।

दाता भट्टराईका बुबा सूर्यप्रसादले उक्त पुरस्कार प्रदान गरेका थिए । त्यस्तै विद्यालयका सेवानिवृत्त शिक्षक महानन्द बरालसहित अन्य शिक्षकद्वय अनिता शिवाकोटी र नरेश पौड्याललाई विदाइ गरिएको थियो ।

कार्यक्रममा नगर शिक्षक महासंघका अध्यक्ष पुण्य सुवेदी, दाता भट्टराई लगायतले मन्तव्य व्यक्त गरेका थिए । तीन दिनसम्म सञ्चालन हुने वार्षिकोत्सव अन्तर्गत अन्तर सदन खेलकुद प्रतियोगिता, सांस्कृतिक कार्यक्रम र दोस्रो वडाध्यक्ष नगरस्तरिय अन्तर माध्यमिक विद्यालय फुटबल प्रतियोगिताको फाइनल खेल तथा खेलकुद प्रतियोगिताको पुरस्कार वितरण गर्ने कार्यक्रम रहेको प्रधानाध्यापक लिम्बूले जानकारी दिए ।

विद्यार्थीहरुले स्वागत नृत्य तथा कराते खेल प्रदर्शन गरेको कार्यक्रमको सञ्चालन सहायक प्रधानाध्यापक लीलाधर चौलागाईंले गरेका थिए ।


**उज्यालो यातायात प्रा.लि.**




९८६०३६२५३५
९८१४०८८९९६

बिर्तामोड, फिद्दिम, ताप्लेजुङ, हेटौडा, नारायणघाट, काठमाडौं, कोहलपुर, धनगढी, नेपालगञ्ज, महेन्द्रनगर, सुर्खेत, बाग्लुङ, भैरवा, पोखरा, बुटवल, लुम्बिनी, नेपालको जुनसुकै ठाउं जानको लागि सम्झनुहोस् ।

**पाथीभरा सिने प्लाजा बिर्तामोडमा चलिरहेछ**

| (हल ए) हिन्दी सिनेमा | (हल बी) हिन्दी र नेपाली सिनेमा |
| --- | --- |
| पहिलो शो ११:४५ Panga | पहिलो शो ११:४५ Street-dancer-3 3D |
| दोस्रो शो २:४५ Street-dancer-3 3D | दोस्रो शो २:४५ Commantdr |
| तेस्रो शो ६:३० Panga | तेस्रो शो ६:३० Street-dancer-3 3D |



बुकिङ्ग गरेको टिकट एक घण्टापछि स्वतः क्यान्सिल हुनेछ ।
(फोन नं. ०२३-५४६४३६)

**अर्जुनधारा यातायात प्रा. लि.द्वारा सञ्चालित**
**झापाको बिर्तामोडदेखि पाँचथरको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस् ।**

दानावारी, महमाई, लारुम्बा, रविसम्म गाडी छुट्ने समयः
बिहान : ७:३० , ८ :३० , ९ :१५ , १० :१५ , ११ :१५ , १२ :१५ ,
बेलुका : ०२:१५ दानाबारीसम्म । ०२:४५ सानो वर्दुसम्म ।
बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :
मे१ज ५६४, मे१ज १७९९, मे१ज ५४६, मे१ज ६२५, मे१ज ३०७, मे१ज ४१७
काउण्टर इन्चार्ज सम्पर्क नम्वरहरु :
बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)
बिर्तामोडबाट रवि : ९८१५९९०९४४ वीरेन्द्र राई

**सटर बुकिङ खुल्ला**

भद्रपुर मेची पुल भन्सार कार्यालयसँगै व्यवसायिक प्रयोजनका लागि निर्माण हुन गइरहेको १०X१२ देखि ११X२५ सम्मका सटरहरुको बुकिङ खुल्ला गरिएको छ । बुकिङ गर्न चाहनु हुने महानुभावले तु-सम्पर्क गर्नुहोला ।

सम्पर्कः **सोनी कम्प्लेक्स** (खान मोटरसाइकल सेन्टर)
९८१७९०१५८६, ९८०४९५८०९५, ९८०७९५१२३४

**हाड जोर्नी नसाका बिरामीलाई सुवर्ण अवसर**
**काठमाडौंका बिशेषज्ञ बिर्तामोडमा**

अमेरिकामा समेत ख्याती कमाई सक्नु भएका स्पार्क अस्पताल काठमाडौं तथा काठमाडौं न्यूरो अस्पतालका बरिष्ठ डाक्टर सुनिलकुमार पौडेल यही माघ २४ गते शुक्रबार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोडमा आउदै हुनुहन्छ । आफ्नो समस्या जाच गराई मौकाको फाइदा लिनुहोस् ।

**जाँच हुने समस्याहरु :**
- ढाड, कम्मर, गर्दन, घुडा, जोर्नीहरु दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको
- शरीर झम्झमाउने, लाटो हुने, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको

समय : बिहान ८:०० देखि ३:००

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८५२६७५०३३)

**प्यारालाइसिसका बिरामीलाई खुशीको खबर**

**दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा उपचार**

**उपचार हुने समस्याहरु**
- प्यारालाइसिस, शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको
- हाडजोर्नी तथा नशा रोग, कम्मर र गर्दन दुख्ने, नशा च्यापिएको, PIVD,शरीर झमझमाउने,
- घुडाजोर्नी दुख्ने,कुम जाम भएको, बाथ, युरिक एसिड
- पाइल्स, फिसर, फिस्टुला, ग्यास्ट्रीक, कब्जियत, दम, सुगर, प्रेसर, खोकी, पिनास
- थाइराइड, कोलेस्ट्रोल, मृगौलाको पत्थरी, छातीको दाग, माइग्रेन
- टाउको दुख्ने, प्रोस्टेट, डण्डीफोर, महिला तथा पुरुषका गुप्तरोग, दाद, एलर्जी आदि ।

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर**
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेसँगै, बिर्तामोड-४, झापा
फोन न ०२३-५४१४६६/९८०६०००३१३



# वर्गीकृत विज्ञापन

**सेफ्टी ट्याङ्की तथा ढल सफाई**

अत्याधुनिक ट्रवो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
'चट् फोट झट् सेवा'



सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।



सम्पर्कः ९८२४९८११७४, ९८४४६४७०६७
९८०६०८३८७६, ९८६२६४८२८२

**जग्गा बिक्रीमा**

बिर्तामोड बसपार्कबाट १ कि.मी. उत्तर ३२ फुटे बाटोबाट २ भीटाभित्र २० फुटे बाटोले छोएको नयाँ प्लटिङको छेउमा रहेको साढे ३ कठ्ठा आकर्षण जग्गा बिक्रीमा छ ।
सम्पर्क : ९८१८१७१९१२

**जग्गा बिक्रीमा**

चारआलीस्थित इलामरोडमा रहेको पेट्रोलपम्प नजिकै ८ धुर जग्गा तु-बिक्रीमा छ ।
मो. ९८२४०८३२६३

**टाटा सुमो गाडी भाडामा चाहिएमा**

बितामोडदेखि पशुपतिनगर र पशुपतिनगरबाट बिर्तामोड दैनिक यात्रा साथै रिजर्भका लागि १० सिट भएको टाटा सुमो गाडी चाहिएमा सम्पर्क गर्नुहोला ।
मो.९८१५९५२४९९, ९८४१३२१४६४

**कर्मचारी आवश्यकता**

पद : बजार प्रतिनिधि
तलब : १३,५००/- +कमिशन
संख्या : १० जना
**सम्पन्न बचत तथा ऋण सहकारी संस्था लि.**
अतिथि सदनको दक्षिणपट्टी
(मो.९८२४९२५१०५)

**ट्याक्टर बिक्रीमा**

चालू अवस्थामा रहेको मे १ त ५०१६ नं. को ट्याक्टर बिक्रीमा छ । इच्छुक महानुभावले तुरुन्त सम्पर्क राख्नुहोला ।
सम्पर्क : ९८१३४९७२१२

**फेन्सी पसल बिक्रीमा**

बिर्तामोडस्थित कृषिथोकरोडमा रहेको फेन्सी पसल वा दुई मुख ४४८ स्क्वायर फिट भएको २ मुखे सटर मात्र पनि तु-बिक्रीमाछ ।
सम्पर्कः
९८०८१६६०७०,
९८१७९५७५८१

**आकर्षक जग्गा बिक्रीमा**

झापा सुरुङ्गास्थित जामुनखाडी जाने कालोपत्रे बाटोले छोएको ७ कठ्ठा आकर्षक जग्गा बिक्रीमा छ ।
सम्पर्क :
९८२४०४२२७१, ९८१६९९८६७७

**आवश्यकता**

सेक्युरिटी गार्डः- ४० जना (महिला/पुरुष)
*यहाँ निःशुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ ।*
**सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा.लि.** बिर्तामोड भद्रपुररोड
फोनः ०२३-५४३००३/५४६६१४, ९८०१४१६८४०, ९८०१४१६८४१, ९८५२६७३९५५

**कर्मचारी आवश्यकता**

सेल्स+मार्केटिङः २ जना
*तलब : १५०००/- +तलब*
कुक : ७ जना *(बिर्तामोड, इलाम, काँकरभिट्टा)*
वेटर : ११ जना *(बिर्तामोड, इलाम, फिक्कल)*
हाउसकिपिङ : ६ जना *(बिर्तामोड, इलाम)*
क्लिनरः ८ जना *(बिर्तामोड, इलाम, काँकरभिट्टा)*
घरमा काम गर्ने : ५ जना महिला
*(बिर्तामोडको लागि)*

**नेपाल जब्स केयर सर्भिस प्रा.लि.**
बिर्तामोड : ०२३-५४६६८३/९८२६९२०००१
इलामः ०२७-५२०१४०/९८२६९२०००२


**हिजोको सूनचाँदीको भाऊ**

छापावाला सुन : ७५,७००/-
तेजावी सुन : ७५,४००/-
असल चाँदी : ८९०/-



ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** अरूको फाइदाका लागि उपयोग भइनेछ भने आफ्ना लागि परिस्थिति प्रतिकूल रहनेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** हिस्सेदारसँग असमझदारी बढ्नाले पहिलेको सम्झौता भंग हुन सक्छ । बेसुरमा बचन दिने बानीले समस्या निम्त्याउला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** इर्ष्यालु मन भएकाहरूले काममा अवरोध पुऱ्याउन सक्छन् । आफ्ना सामानमा अरूले दावी गर्लान् । परिस्थितिसँग सम्झौता गर्नुपर्ला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** प्रयत्न गर्दा राम्रै अवसर पाइनेछ । साथीभाइले पनि सहयोग जुटाउनेछन् । पछिसम्म लाभ हुने काम प्रारम्भ हुनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** भौतिक साधन जुट्नाले दिगो योजना प्रारम्भ होला । प्रतिस्पर्धीहरूले हार खानेछन् भने काममा मेहनतको फल प्राप्त हुनेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** व्यापारमा मनग्गे धनलाभ हुनेछ । सेवामूलक कामबाट प्रतिष्ठा पाइनेछ । चिताएका काममा बेलैमा योजना बनाएर प्रारम्भ गर्दा फाइदा हुनेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** आत्मविश्वासको कमीले पछि परिनेछ । बलजफ्ती गर्ने बानीले आफैंलाई अप्ठ्यारोमा पार्न सक्छ । इर्ष्या गर्नेहरूबाट सजग रहनुहोला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** शुभचिन्तकहरूको भावनालाई बेवास्ता गर्दा पनि दुःख पाइनेछ । खर्च हुने डरले सताउन सक्छ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** आजको श्रमबाट पछिलाई फाइदा हुनेछ । आफ्ना सूचना सम्बन्धी गोपनीयतामा विशेष ध्यान पुऱ्याउनुहोला ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** विभिन्न अवसरले पछ्याए पनि समयमा निर्णय लिन नसक्दा पछि परिनेछ । खानपानको असावधानीले स्वास्थ्य बिग्रनेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** आफ्ना कमजोरीको फाइदा अरूले उठाउने चेष्टा गर्नेछन् । स्वार्थका लागि धाउनेहरूबाट सजग रहनुपर्ला ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** मुख्य भूमिका निर्वाह गरे पनि छायामा परिएला । बिछोडिएका आफन्तसँग भेटघाट हुनेछ । आगन्तुकले अलमल्याउने हुँदा आँटेको काम पूरा नहुन सक्छ ।

# काँकरभिट्टामा पूर्व राजाको समर्थनमा जय-जयकार



□ लक्ष्मी उप्रेती

**काँकरभिट्टा, माघ २२।** झापाको मेचीनगरमा पूर्व राजा ज्ञानेन्द्र शाहको समर्थनमा उनका समर्थकहरुले जय-जयकारको नारा लगाएका छन् ।

पूर्वीनाका भएर पूर्व रानी कोमल शाहसहित भारतको सिक्किमस्थित चारधाम धार्मिक क्षेत्र, दार्जिलिङ पुगेर फर्किने क्रममा उनका समर्थहरुले काँकरभिट्टामा स्वागत गर्दै जय-जयकारको नारा लगाएका हुन् । उनीहरुले 'हाम्रो राजा हाम्रो देश प्रणाभन्दा प्यारो छ, श्री ५ महारजधिराज सरकारको जय होस्' जस्ता नारावाजी गरी फूलमाला पहिर्‍याएर पूर्व राजारानीको स्वागत तथा सम्मान गरेका थिए ।

शिव सेना नेपाल झापाका अध्यक्ष बद्री महत, सदस्य गिरिराज पौडेल लगायतको टोलीले पूर्वराजाको समर्थनमा जय-जयकार गरेका थिए । शिव सेनाले पूर्व राजा समक्ष ज्ञापनपत्र समेत बुझाउँदै झापामा सवारीका लागि आग्रह गरेको अध्यक्ष महतले बताए ।

डब्लु बी ७६ ए ८८२७ नम्बरको भारतीय नम्बर प्लेटको सेतो रंगको कारमा पूर्व रानी कोमल शाहसहित मेची भन्सार कार्यालय काँकरभिट्टाको यात्रुशाखा परिसरमा आइपुग्का पूर्व राजा ज्ञानेन्द्र शाह बा २१ च ७३१८ नेपाली नम्बरको कालो रंगको सवारीसाधनमा पश्चिमतर्फ लागेका थिए । उनी आउने खबर प्राप्त भएपछि पूर्वीनाकामा सुरक्षा व्यवस्था मजबुत पारिएको थियो ।

गत आइतबार डब्लु वी ७६ ए ८८२७ नम्बरको सेतो रंगको दुईवटा कारमा पूर्व राजा शाह, उनकी पत्नी कोमल लगायत काँकरभिट्टा नाकाबाट भारत गएका थिए । सोही कारमा चढेर दुवै काँकरभिट्टा आईपुगेका थिए ।

श्रोतका अनुसार दमक बस्दै आएका पूर्व राजा शाह केही दिनका लागि दार्जिलिङ र सिक्किम घुम्न गएको बताइएको छ । पूर्व राजा ज्ञानेन्द्र शाहसहित उनको परिवार १०/१५ दिनका लागि सिक्किम घुम्न गएको भए पनि तीन दिनमा फर्किएका हुन् । पूर्व राजा शाह गत पुसदेखि दमकस्थित चिया बगानको आफ्नै दरवारमा बस्दै आएका छन् ।

काँकरभिट्टामा पूर्व राजा आउने धेरैलाई थाहा नभए पनि उनको स्वागतका लागि केहि समर्थकहरुसहित शिव सेना नेपाल झापाका पदाधिकारीको सहभागिता थियो ।

# आर्सेनिकयुक्त पानी पिउँदै विद्यार्थी

**गौरीगञ्ज, माघ २२।** गौरीगञ्ज गाउँपालिकाका अधिकांश सामुदायिक विद्यालयमा अध्ययनरत् बालबालिकाहरू शुद्ध खानेपानी उपभोग गर्नबाट वञ्चित भएका छन् ।

सरकारले सबै नागरिकहरुमा शुद्ध खानेपानीको पहुँच पुर्‍याउने घोषणा गरे पनि गौरीगञ्ज गाउँपालिकाका अधिकांश सामुदायिक विद्यालयका बालबालिकाहरु ट्यूवेलको आर्सेनिकयुक्त पानी पिउन बाध्य भएका हुन् ।

गौरीगञ्ज गाउँपालिका वार्ड नं. ४ कदमगाछीस्थित राष्ट्रिय प्राथमिक विद्यालयका प्रधानाध्यापक महाप्रसाद ताजपुरियाले आर्थिक स्रोतको अभावमा विद्यालय परिसरमा खानेपानीको धारा जडान गर्न नसकेको बताए । उक्त विद्यालयका विपन्न तथा गरीब परिवारका दुई सय ५० जना बाबलबालिकाहरू आर्सेनिकयुक्त पानी पिउने गरेको उनले बताए ।

गौरीगञ्ज गाउँपालिका वार्ड नं. ३ स्थित गौरीगञ्ज प्राथमिक विद्यालयका प्रधानाध्यापक मोतीलाल ताजपुरीयाले खानेपानी योजना सञ्चालनमा आएको भए पनि विद्यालयले आर्थिक स्रोतको अभावमा विद्यालय परिसरमा खानेपानीको धारा जडान गर्न नसकेको बताए । सो विद्यालयका दुई सय २५ भन्दा बढी बालबालिकाहरुले विद्यालयमा ट्यूबेलको पानी पिउने गरेको उनले बताए । त्यस्तै गौरीगञ्ज गाउँपालिका वार्ड नं. ४ बाह्रसुद्दीमा रहेको गौरीया प्राथमिक विद्यालयका करिब ७७ बालबालिकाहरू ट्यूबेलको आर्सेनिकयुक्त पानी पिइरहेका छन् । उनीहरूलाई शुद्ध पानी पिउने कुनै व्यवस्था गरिएको छैन ।

गौरीगञ्ज गाउँपालिकाको ग्रामीण क्षेत्रका बालबालिकाहरुले शुद्ध पिउने पानी प्रयोग गर्न नपाउँदा उनीहरु स्वास्थ्यका दृष्टिकोणबाट जोखिममा रहेको बताइएको छ । त्यसभेगका अधिकांश बालबालिकाहरुले विद्यालयमा खानेपानी सँगै चर्पीको समेत अभाव झेलिरहेको र उनीहरुले खानेपानी तथा शौचालयको व्यवस्था गर्न स्थानीय सरकार समक्ष माग गरेका छन् ।

# विवेकाश्रममा नेपालकै अग्लो चतुर्भूज विष्णुको मूर्ति





**बिर्तामोड, माघ २२।** झापाको बिर्तामोड-२ चारपानेमा रहेको विवेकाश्रम तथा सांगवेद संस्कृत माध्यमिक विद्यालयलाई धार्मिक तथा पर्यटकीय स्थलको रुपमा विकसित गर्न त्यहाँका बासिन्दा जुटेका छन् ।

विवेकाश्रम परिसरमा पछिल्लो समय मन्दिर, यज्ञशाला, गौशाला लगायतको निर्माणलाई तीव्रता दिएसंगै उक्त क्षेत्रलाई धार्मिक तथा पर्यटकीय स्थलको रुपमा विकसित गर्न त्यहाँका बासिन्दा जुटेका हुन् ।

त्यहाँ पछिल्लो समय पाञ्चायतन देवमूर्तिसहितको यज्ञशाला निर्माण गरिएको छ । काठमाडौंमा रहेको पशुपतिनाथको मन्दिर कै शैलीमा उक्त यज्ञशालाको निर्माण गरिएको विवेकाश्रमका धर्मगुरु व्यासाचार्य किशोरकुमार गौतमले बताए । गौतमका अनुसार प्यागोडा शैलीमा निर्माण गरिएको यज्ञशालामा पशुपतिनाथको मन्दिरमा झैं नागल, टुँडाल, झालर लगाइएको छ भने गजुर समेत पित्तलकै लगाइएको छ ।

यज्ञशालाभित्र गणेश, सूर्य, दुर्गा, शिवको ढलोडको मूर्ति निर्माण गरिएको छ भने अष्टधातुद्वारा चतुर्भूज विष्णुको पाँच फिटको मूर्ति निर्माण गरिएको छ । उक्त चतुर्भूज विष्णुको मूर्ति नेपालको सबैभन्दा अग्लो भएको धर्मगुरु व्यासाचार्य किशोरकुमार गौतमले दाबी गरेका छन् । पशुपतिनाथको मन्दिर निर्माण गर्ने काठमाडौंका डिजाइनर, इन्जिनियर र कालिगड ल्याएर दुई महिनामा यज्ञशालाको निर्माण गरिएको उनले बताए ।

विवेकाश्रम तथा सांगवेद संस्कृत माध्यमिक विद्यालयको ४९औं वार्षिकोत्सवको अवसरमा आयोजित श्रीमद् भागवत महापुराण ज्ञान महायज्ञमा उक्त यज्ञशालाको उद्घाटन र मूर्तिको प्राणप्रतिष्ठा समेत गरिएको थियो । वि.सं. २०२८ सालमा स्थापना भएको विवेकाश्रम तथा सांगवेद संस्कृत माध्यमिक विद्यालयलाई नेपाल कै नमूना आश्रम तथा गुरुकूल बनाउने उद्देश्यले त्यहाँ अन्य मन्दिर समेत निर्माण गरिएको छ ।

त्यस्तै काठमाडौं कलंकीका दाता वासुदेव केसीले विद्यालयका लागि एउटा भवन र भारतीय शैलीको विष्णु पाञ्चायन मन्दिर निर्माण गरिदिएका छन् । विष्णु पाञ्चायतन मन्दिरमा गणेश, सूर्यनारायण, महादेव, विष्णु, माँ दूर्गाको मूर्ति, चाँदीका गरगहना, सक्कली पत्थर र सुनको गजुर समेत लगाइदिएका छन् ।


त्यस्तै डा. शरदचन्द्र राई र पुनम राईले गौ सेवक वस्ने र घाँस पराल राख्ने सुविधासहितको दुईतले गौशाला निर्माण गरिदिएको विवेकाश्रमका धर्मगुरु व्यासाचार्य किशोरकुमार गौतमले बताए । विवेकाश्रममा वि.सं. २०३३ सालदेखि अखण्ड दिप बलीरहेको उनले जानकारी दिए ।

त्यस्तै त्यहाँ एक सय ६० जना विद्यार्थी गुरुकुलिय अध्ययन गरिरहेको उनले बताए । विद्यार्थीले रुद्राभिषेक गर्ने गरेको उनले बताए । विवेकाश्रमलाई धार्मिक पर्यटकीय स्थल बनाउन समाजमा आध्यात्मिक जागरण ल्याउने र नेपालकै नमूना आश्रम र गुरुकुल बनाउने उद्देश्य र लक्ष्य रहेको व्यासाचार्य गौतमले बताए ।

नेपाल भ्रमण वर्षमा झापा घुम्न आउने आन्तरिक तथा वाह्य पर्यटकहरुलाई एकपटक धार्मिक तथा पर्यटकीय स्थलको रुपमा रहेको विवेकाश्रममा आएर आध्यात्मिक ज्ञान प्राप्त गर्न समेत उनले सबैसँग आग्रह गरेका छन् ।

# कोरोना भाइरसका कारण ओलाङचुङगोला नाका बन्द

**ताप्लेजुङ, माघ २२।** कोरोना भाइरसको संक्रमण फैलन सक्ने भन्दै चीनले ताप्लेजुङको ओलाङचुङगोला नाका बन्द गराएको छ । चीनमा फैलिएको कोरोना भाइरस सीमावर्ती हुँदै छिमेकी मुलुकमा समेत फैलन सक्ने भन्दै नाकामा आवत-जावत बन्द गराएको हो ।



यही माघ १६ गते चीनको तिब्बतस्थित रिउ प्रशासनबाट केही अवधिसम्मका लागि आवत-जावत नगर्न नगराउन जानकारी भएको फक्ताङलुङ गाउँपालिका-७ ओलाङचुङगोलाका वडाध्यक्ष छेतेन शेर्पाले जानकारी दिए । सडक निर्माणका लागि आएका चिनियाँ कामदारको टोली फर्किएलगत्तै रिउ प्रशासनबाट आवत-जावतमा रोक लगाउन अनुरोध भएको उनले बताए ।

'आफ्नो देशमा कोरोना भाइरसको संक्रमण फैलिएको र आवत-जावतका कारण अन्यत्र समेत फैलन सक्ने भन्दै यसबाट बच्न केही समयसम्मका लागि आवत-जावतमा रोक लगाइ दिन भनेर रिउ प्रशासनबाट अनुरोध भएको छ र हाल आवत-जावत पनि भएको छैन'-अध्यक्ष शेर्पाले भने ।

नाका बन्द हुँदा एक/दुई महिनासम्म कुनै समस्या नहुने तर त्यो भन्दा पछि बर्खाको समयमा पनि बन्द नै रहे समस्या हुने गाउँपालिकाका प्रवक्ता समेत रहेका शेर्पाको भनाइ छ ।

वर्षायामको समयमा याङ्मा, थुदाम, ओलाङचुङ्गोला र तोक्पेगालाबासी दैनिक उपभोग्य सामग्रीका लागि चिनियाँ बजारकै भरमा रहने गरेका छन् । बर्खामा बाढीपहिरो लगायतका कारण त्यहाँका बासिन्दा सदरमुकाम फुङ्लिङसम्म आइपुग्न सक्दैनन् ।

'अहिले सीमाक्षेत्रमा हिउँ परेकाले रिउ बजारमा ओहोरदोहोर पनि हुँदैन । तर, बर्षायाममा भने बाढीपहिरोका कारण सदरमुकाम लगायत नजिकका नेपाली बजारमा आउन जान नसकिने हुनाले सो समयमा खाद्यान्न लगायतका दैनिक उपभोग्य सामानका लागि रिउ बजारकै भर पर्नुपर्छ' -प्रवक्ता शेर्पाले भने । उनका अनुसार विशेषगरी याङ्मा र थुदामका बासिन्दा बर्खाभर चिनियाँ बजारकै भरमा रहने गरेका छन् ।

सीमावर्ती क्षेत्रका बासिन्दाले रिउ बजारबाट याक र चौंरीलाई बोकाएर सामान ढुवानी गर्ने गर्छन् । आफूले उत्पादन गरेका गलैंचा लगायतका सामग्रीको मुख्य बजार रिउ नै रहेकाले र ढुवानीका हिसाबले पनि सहज हुने भएकाले रिउलाई मुख्य बजारका रूपमा लिने गरिएको बताइएको छ । सदरमुकाम फुङ्लिङबाट ओलाङचुङगोला पुग्न झण्डै दुई दिनको समय लाग्छ । यता याङ्मा, थुदाममा पुग्न भने त्यो भन्दा बढी समय लाग्छ ।

## मोटरसाइकल दुर्घटनामा एक जनाको मृत्यु

**मोरङ, माघ २२।** मोरङको बुढीगंगा गाउँपालिका-४ पोटियामा भएको मोटरसाइकल दुर्घटनामा परी एक जनाको मृत्यु भएको छ भने एक जना घाइते भएका छन् ।

पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको मोटरसाइकल आफै अनियन्त्रित भई दुर्घटनामा हुँदा मोटरसाइकलमा सवार दुहवी-२ का ३५ बर्षीय युवराज सुतिहार र दुहवी-११ का २१ बर्षीय सुरज ऋषिदेव घाइते भएका थिए ।

घाइते दुवै जनालाई उपचारको लागि बिराट मेडिकल कलेज पठाइएकोमा उपचारको क्रममा सुतिहारको मृत्यु भएको र अर्को घाइतेको सोही अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ । घटनाबारे थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

# ढुंगामा लेखे प्रदीपले क्रिस्टिनाको नाम



यस वर्षको बहुप्रतिक्षित फिल्ममध्ये एक 'प्रेमगीत ३' को पहिलो गीत सार्वजनिक भएको छ । केही दिन अगाडि छायांकन पूरा भएको फिल्मको मंगलवार निर्माण टिमले 'हात्ती ढुंगामा' गीत सार्वजनिक गरेको हो । चलन चल्तीका गीतभन्दा पृथक शैलीमा तयार पारिएको गीतमा कल्याण सिंहको संगीत र हर्क साउदको शब्द रहेको छ भने गायक सागर आले र गायिका मेलिना राईको स्वर छ ।

कविराज गहतराजको कोरियोग्राफी रहेको गीतको भिडियोमा फिल्मका प्रमुख अभिनेता प्रदीप खड्का र नव अभिनेत्री क्रिस्टिना गुरूङ फिचर्ड छन् । गीतले यी दुईको प्रेमभाव बोल्छ । सयभन्दा बढी कोरस राखेर मनाङमा खिचिएको गीतको भिडियोमा प्रदीप र क्रिस्टिनालाई फरक गेटअपमा देख्न सकिन्छ । गीतको भिडियोलाई आकर्षक बनाइएको छ । अडियो भने औसत बनेको छ ।

छेतेन गुरूङ र सन्तोष सेनले मिलेर निर्देशन गरेको फिल्मलाई राजेश श्रेष्ठले खिचेका हुन् । कुमार शान शाह र ओएसआर डिजिटल सह-निर्माता रहेको फिल्मका निर्माता सन्तोष सेन हुन् । फिल्ममा प्रदीप र क्रिस्टिना 'प्रेम' र 'गीत' को भूमिकामा छन् । शिव श्रेष्ठ, सुनिल थापा, अनुभव रेग्मी, लक्ष्मी बर्देवा, सन्तोष सेन, प्रेम पुरी, मनिष राउत लगायतको पनि फिल्ममा अभिनय रहेको छ ।

चन्द्रबहादुर चन्द र डम्बरविक्रम सेन कार्यकारी निर्माताको रूपमा रहेको फिल्मको कथा छेतेन गुरूङ र मन्दिप गौतमले लेखेका हुन् । बनिश शाह र भुपेन्द्र अधिकारीको सम्पादन रहेको फिल्ममा हिमाल केसीको एक्सन कोरियोग्राफी छ । तीन करोडभन्दा बढीको लागतमा निर्माण भएको फिल्मले डेढ सय वर्ष अगाडिको प्रेमकथा भन्छ ।

# 'तान्हाजी' ले कमायो २५० करोड

नायक अजय देवगण र नायिका काजोलले अभिनय गरेको चलचित्र 'तान्हाजी'ले बक्स अफिसमा धमाका मच्चाइरहेको छ । यो चलचित्रले बक्स अफिसमा दुई सय ५० करोडको आँकडा पार गरेको छ । रिलिजको चौथो हप्तामा पनि यो चलचित्रको व्यापारिक रफ्तार रोकिएको छैन ।

यो चलचित्रले भारतको मुम्बई सर्किटमा नयाँ रेकर्ड कायम गरेको छ । यो चलचित्रले मुम्बई एरियामा मात्र एक सय १८ करोडको व्यापार गरेको छ । चलचित्रले मुम्बई सर्किटमा 'टाइगर जिन्दा हे'ले बनाएको रेकर्ड तोडेको हो । चलचित्र 'बाहुवली २'ले मुम्बई सर्किटमा एक सय ९१ करोड कमाएको थियो । त्यस्तै, चलचित्र 'पीके'ले एक सय पाँच करोड, 'दंगल'ले एक सय चार करोड तथा 'सञ्जु'ले एक सय दुई करोड कमाएको थियो ।

त्यस्तै, चलचित्र 'टाइगर जिन्दा हे'ले एक सय नौ करोडको नेट कलेक्शन मुम्बइबाट मात्र गरेको थियो । अब, यो रेकर्डलाई तोड्दै मुम्बईबाट मात्र सर्वाधिक धेरै कमाई गर्ने चलचित्रमा 'तान्हाजी'को नाम आएको छ ।




## दुवईमा लेडिज तथा जेन्स सेक्युरिटी गार्डको आवश्यकता

कम्पनी : Federal Security Services LLC, Dubai, UAE

पूर्व स्वीकृति मिति : २०७६/१०/१६ चलानी नं. ६०१५०७५२ L.T.NO. 231847

| कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रु. | हप्तामा काम गर्ने दिन | दिनमा काम गर्ने घण्टा | ओभर टाइम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Security Guard/Guard | 31 | 02 | काममा दक्ष | 1200 | ३८,१६० | ६ दिन | ८ घण्टा | क.नि. अनुसार | | छ | | २ बर्ष |

नोट : उचाईको हकमा ५ फिट ४ इन्च भन्दा माथि हुनुपर्नेछ ।
अंग्रेजी राम्रोसँग लेख्न, पढ्न र बोल्न सक्ने हुनुपर्नेछ ।
बेसिक सेलरी १२०० भएता पनि ओटीसहित १८०० भन्दा माथि कमाई हुनेछ ।

फाइनल अर्न्तवार्ता सम्बन्धित कम्पनीको प्रतिनिधिबाट २०७६ फागुन १ गते (Feb. 13, 2020) मा बिर्तामोडमा हुनेछ ।

शिवाकोटी मेनपावर सर्भिस प्रा ली
सामाखुशी, काठमाडौं फोन नं.०१४३८५६३३
(श्रम इजाजत नं. ८०६/०६५/६६) शाखा कार्यालय बिर्तामोड, शनिश्चरे रोड, आइएमई बैंकभित्रपट्टिको तेस्रो घर
फोन नं. ०२३-५४१०६०/ ५४५३८८/ ५४०९१७ मो. ९८०१४०८२८३/९८०१०३३९७५ ९८०१०३३९७७/९८०१०२३८१३/९८०१०३३९७०